सशस्त्र प्रहरी बल नेपाल

www.apf.gov.np

SAMARPAN

समर्पण

ए.पी.एफ. मासिक



बर्ष २ | अङ्क ८ | पृष्ठ ८ | जेठ २०८१

## हिमालमा कोरिएको इतिहास

# अनि सर्वोच्च शिखर सगरमाथामा फहरायो राष्ट्रियसँगै संगठनको झण्डा...





**शैलेन्द्र थापा**

इतिहासका पानामा सशस्त्र प्रहरी बलको विरताका थुप्रै अक्षर कोरीए। बिषम् परिस्थितीमा भएको आफ्नो जन्मलाई संगठनले सधैँ अब्बल र सक्षम भएको प्रमाणित गऱ्यो। रक्तरंजित बहादुरीपूर्ण इतिहास अनि लडी-लडी मर्ने, मरीमरी लड्ने अदम्य साहस र चुनौती पूर्ण घडीलाई संगठनले सजिलै परास्त गर्दै आफ्नो कर्ममा चट्टान जस्तै अविचलित र अडिक छ।

संगठनका आफ्नै इतिहास छन्, विगत र वर्तमानका जिम्मेवारी फेरिएका छन् तर वर्तमान नेतृत्वले भने जस्तै 'वर्तमान अवस्थामा संगठन अभावमा होला तर कसैको दवाव र प्रभावमा पर्ने छैन, हाम्रा न्यायका आँखाले तपाईहरु सबैलाई समान देख्ने छ' ति न्यायका आँखाले अविचलित समानता देखाएको छ। त्यही समानतामा चुनौतीको सामना गर्नेहरुसँग संगठन पनि सँग-सगै हातमा हात, काँधमा काँध मिलाएर अघि बढि रहेको छ। तिनै चुनौतीको सामना गर्दै सशस्त्र प्रहरी निरीक्षक सुरज पौडेलले हिमालमा पहिलो इतिहास कोरेका छन्। त्यही इतिहास सँगै संगठनको झण्डा विश्वको सर्वोच्च शिखर सगरमाथाको शिखरमा फहराएको छ।

चुनौतीबीच संगठनमा आमूल परिवर्तनको चट्टानी अडान र अविचलित यात्रामा लम्किरहने वर्तमान नेतृत्वको गतिशिलताले नयाँ-नयाँ कार्यहरुको जन्म हुँदै मुर्तरुप पाउँदै गर्दा हिमालमा पनि केही गरौं भन्ने चाहनाकाबीच २०८० सालमा सगरमाथा चढ्न इच्छुक कर्मचारीको नाम संकलन गरीएको थियो। त्यसमा सुरजले जाने इच्छा ब्यक्त गरे। गत वर्ष दशैंको समयमा यस बिषयमा संगठन प्रमुख सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले आरोहणका तयारी गर्न हौसला दिनुभयो। उहाँले निर्णय त गर्नुभयो तर फेरी कसरी पठाउने यस्तो 'रिस्की' काम भनेर पनि सोच्नुभयो। तर ट्रेकिङका सौखिन सुरज रोकिएनन्। अग्लो कद, वलिष्ठ शरिर अनि क्षमता भएका सुरज त्यसको तयारीमा जुटे। तयारीसँगै गत चैत्र ३० गते सगरमाथाको चुचुरो चुम्न उनी त्यसतर्फ लागे। Elite Expede Nepal APF Everest Expedition 2024 आरोही दलको नेतृत्व गर्दै शेर्पा एक्सट्रीम प्रा.लि. मार्फत सुरज त्यसतर्फ गएका थिए। हिमाल आरोहण गर्न चाहिने सबै सामाग्री बोकेर चुचुरोतर्फ लम्किएका सुरजको साथमा ति सामाग्री मात्र होइन संगठनको झण्डा पनि थियो। त्यसविचमा उनले लुवुचे हिमालको समेत सफल आरोहण गरेका थिए। जेठ ३ गते उनको आरोहण टोली सगरमाथाको चुचुरोतर्फ प्रस्थान गरेको थियो। खोकी लाग्नु सामान्य हो तर सगरमाथा क्षेत्रमा खोकी लाग्नु सामान्य होइन, सुरजले यही सुनेका थिए। आधार शिविरमा देखिने खुम्बु कफ (खोकी) एक असाधारण समस्या हो जसले समाते निको हुने सम्भावना ९० प्रतिशत हुदैन रहेछ, सुरज यसै भन्छन्। खोकीले छातीको




मसल्स टियर हुने, छातिको करङ नै भाचिने जस्ता डर लाग्दा समस्याबाट समेत उनी जानकार थिए। यस्ता थुप्रै समस्यालाई पार गर्दै अन्ततः जेठ ७ गते विहान १०:२० बजे संगठनको इतिहासमा पहिलो पटक शिखर चुम्न सफल भए। यो एक हिमाल आरोहणमात्र थिएन, हिमालमा कोरिएको संगठनको इतिहास थियो। अनि संगठनमा सारा जवानी र जीवन समर्पण गरेको साहसी अधिकृतको हातबाट संगठनले हिमालमा झण्डा फहराएको ऐतिहासिक क्षण पनि थियो। नेपालको सीमा सुरक्षा गर्ने प्रमुख दायित्व बोकेको संगठनको लागि यो एउटा सीमा अनुगमन समेत थियो र अर्को संयोग उत्तरी सीमाना विश्वको सर्वोच्च शिखर सगरमाथामा सुरजले संगठनको झण्डा फहराउँदा उता नेपालकै होचो भू-भाग दक्षिणी सीमाना झापाको ५८ मिटर उचाइमा रहेको केचनाकवलमा बिओपी केचनाकवलबाट सशस्त्र प्रहरी निरीक्षक केशव मैनालीको टोली राष्ट्रिय झण्डासहित गस्तीमा तैनाथ थियो। सफल आरोहण पश्चात सशस्त्र प्रहरी निरीक्षक सुरज पौडेललाई प्रधान कार्यालय हलचोकमा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल तथा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरु नारायणदत्त पौडेल, चन्द्रप्रकाश गौतम र बंशीराज दाहाल लगायत बरिष्ठ अधिकृतहरुले समेत स्वागत तथा सम्मान गर्नुभएको थियो। यसअघि सगरमाथा बेसक्याम्प फर्किदा महानिरीक्षक अर्याल उनको हौसला बढाउनको लागि बेसक्याम्प नै पुग्नुभएको थियो। उनले त्यस ऐतिहासिक क्षणमा आफ्नो जन्मभूमि स्याङ्जा स्थित आँधीखोला गाउँपालिकाको लोगो पनि चुचुरोमा पुऱ्याएका थिए। त्यसैले त उनलाई जन्मभूमिले पनि बाजागाजासहित सम्मान गऱ्यो।

यस्ता इतिहास कोर्दै संगठनलाई थप उचाई दिन आफ्नो जिम्मेवारीमा अविचलित वर्तमान नेतृत्वबाट भएका सत्प्रयास र मातहतको हौसला अभिबृद्धिले नै हिमालसम्म इतिहास कोरिने कुरामा कुनै शंका छैन। त्यसैले त बर्तमान नेतृत्वबाट समय-समयमा सारगर्वित भनाई आउने गर्छन् 'अग्रजले रगत बगाएको संगठन हो यसलाई बदनाम गर्ने अधिकार कसैलाई छैन।' आरोहण पश्चात् उनलाई सोलुखुम्बुको लुक्ला विमानस्थलबाट हेलिकप्टर मार्फत सिधै प्रधान कार्यालयमा फिर्ता हुने व्यवस्था मिलाईएको थियो। सम्मान कार्यक्रममा जस्तोसुकै चुनौती सहेर आरोहण गर्न सक्छन् भन्ने विश्वास लिएर पर्वतारोहणमा पठाइएको स्मरण गर्नुहुँदै महानिरीक्षक अर्यालले यो सगरमाथा आरोहण मात्र होईन सीमा सुरक्षाको जिम्मेवारी पाएको संगठनको लागि सीमा अनुगमन पनि रहेको बताउनु भएको थियो। उहाँले भन्नुभयो-'सपना जस्तै सोचिएको मिसन सफल हुँदा संगठनले गर्व गर्ने अवस्था प्राप्त भएको छ।'

सशस्त्र प्रहरी निरीक्षक पौडेललाई संगठनको तर्फबाट IG APF Commendation द्वारा सम्मान गरीएको थियो भने आरोहण सफलताका लागि विशेष योगदान पुऱ्याउनुहुने मिङ्गमा डेविड शेर्पालाई मायाको चिनो समेत प्रदान गरीएको छ। यसैगरी उनलाई ७१औं सगरमाथा दिवस २०२४ को अवसर मा आयोजित कार्यक्रममा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सम्मान गर्नुभएको थियो। यस्तै पूर्व सशस्त्र प्रहरी संघ र नेपाल एपीएफ स्कुल कीर्तिपुरले पनि सम्मान गरेको थियो। नेपाल पूर्व सशस्त्र प्रहरी संघका अध्यक्ष एवं अवकाश प्राप्त सशस्त्र प्रहरी अति महानिरीक्षक रविराज थापाले सशस्त्र प्रहरी बल नेपालको प्रतिनिधित्व गर्दै सगरमाथाको प्रथम सफल आरोहण सशस्त्र प्रहरी बल नेपालमा ईतिहासका रुपमा रहने उल्लेख गर्नुहुँदै सशस्त्र प्रहरी नेपालको हिमाली भेगमा सीमा सुरक्षा गर्न तथा हाई अल्टिच्युडमा परिचालित हुन सक्ने जनशक्ति उत्पादन गर्न सक्षम रहेको बताउनुभयो। सुरजको यो सफलतासँगै हिमालमा कोरिएको इतिहास र फहराइएको झण्डा संगठनको दस्तावेजमा ऐतिहासिक क्षण बनेर रहिरहने छ।

## सशस्त्र प्रहरी बल, नेपालको सञ्चालन:

१. नेपालको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र संघर्ष नियन्त्रण गर्न,
२. नेपालको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र विद्रोह वा पृथकतावादी गतिविधि नियन्त्रण गर्न,
३. नेपालको कुनै भागमा भएको वा हुन सक्ने आतंककारी गतिविधि नियन्त्रण गर्न,
४. नेपालको कुनै भागमा भएको वा हुन सक्ने दंगा नियन्त्रण गर्न,
५. नेपालको कुनै भागमा भएको वा हुन सक्ने दैवी प्रकोप र महामारीबाट पीडितको उद्धारमा सहयोग पुऱ्याउन,
६. नेपालको कुनै नागरिक वा अरु कसैलाई अपहरण गरिएमा अपहरित व्यक्तिको उद्धार गर्न वा अन्य कुनै किसिमको जघन्य तथा गम्भिर अपराध घटेमा वा गम्भिर प्रकृतिको अशान्ति भएमा वा हुने आशंका भएमा त्यसलाई नियन्त्रण गर्न,
७. नेपालको सीमा सुरक्षा गर्न,
८. वाह्य आक्रमणको अवस्थामा नेपाली सेनाको मातहतमा रही सहयोग गर्न,
९. नेपाल सरकारले तोकेको सार्वजनिक महत्वका भवन, संरचना र अन्य स्थल आदिको सुरक्षा गर्न,
१०. नेपाल सरकारले सुरक्षा दिनु पर्ने ठहऱ्याएका व्यक्ति र तोकेको संस्था आदिको सुरक्षा गर्न,
११. यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा उल्लेख भएका वा अन्य प्रचलित कानून बमोजिम तोकिएका कार्यहरु गर्न,
१२. नेपाल सरकारले समय समयमा तोके बमोजिमका अन्य कार्यहरु गर्न।

स्रोत सशस्त्र प्रहरी ऐन २०५८ को परिच्छेद २, दफा (६) को उपदफा (१)।

१३. नेपाल सरकार मन्त्रिपरिषद्को २०६९ असोज ११ गतेको निर्णयानुसार राजश्व, भन्सार तथा औद्योगिक सुरक्षा गर्न।
१४. नेपाल सरकार मन्त्रिपरिषद्को २०७७ पौष १५ गतेको निर्णयानुसार रेलवे सुरक्षा गर्न।

## नेपाल-चीन सीमामा अवस्थित २ नम्बर सीमा स्तम्भको अनुगमन



बझाङ जिल्लाको साइपाल गाउँपालिका-४ उरैस्थित नाग्ना डाँडामा नेपाल र चीन सीमामा रहेको सीमा स्तम्भ (सीमा चिन्ह) नं. २ को अनुगमन गरीएको छ। आश्रित गुल्म बझाङबाट सशस्त्र प्रहरी नायव उपरीक्षक जनकराज पन्तको कमाण्डमा जेठ १३ गते त्यसतर्फ गएको सुरक्षा फौज १७ गते बिहान सीमा स्तम्भ भएको स्थानमा पुगेको थियो। समुन्द्र सतहबाट ५ हजार २ सय मिटर उचाई तथा भौगोलिक रुपमा अत्यन्त विकट र हाई अल्टिच्युडका बाबजुद टोली पहिलो पटक त्यहाँ पुगेको हो। सीमास्तम्भ सदरमुकामबाट १ सय १७ किलोमिटरको दूरीमा रहेको छ। सदरमुकामबाट २८ किलोमिटर सवारी साधनमा गएको फौज बाँकी पैदल गएको थियो।

# सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको कार्यकालमा भए/गरेका मुख्य-मुख्य प्रगति विवरण

## २ वर्ष (२०७९/०१/१९ गतेदेखि २०८१/०१/१९ गतेसम्म)

### नीतिगत कार्य: हालसम्म जारी भएका कार्यविधि, निर्देशिका, मापदण्ड, SOP, प्रतिवेदन, कार्य योजना, अवधारणा पत्र, विधान तथा सुरक्षा योजनाहरु

| सि.नं. | विवरणहरु | ०७८/०७९ | ०७९/०८० | ०८०/०८१ | जम्मा |
|---|---|---|---|---|---|
| १ | कार्यविधि | ३ | १६ | १ | २० |
| २ | निर्देशिका | १ | ५ | १ | ७ |
| ३ | मापदण्ड | ० | ३ | ६ | ९ |
| ४ | स्थायी आदेश (SOP) | ० | ७ | ७ | १४ |
| ५ | प्रतिवेदन | ० | ३ | ११ | १४ |
| ६ | कार्य योजना | ० | २ | ४ | ६ |
| ७ | अवधारणा पत्र | ० | १ | १ | २ |
| ८ | विधान | ० | १ | १ | २ |
| ९ | सुरक्षा योजना | ० | ० | १ | १ |
| **जम्मा** | | **४** | **४०** | **३३** | **७५** |

| सि.नं. | कार्यहरु |
|---|---|
| १. | फ्रेन्च भाषा कक्षा संचालन सम्बन्धी कार्यविधि २०७९ |
| २. | स.प्र.बल, नेपालको पोशाक अन्य व्यक्ति तथा संघ संस्थालाई प्रयोग गर्न दिने सम्बन्धी कार्यविधि, २०७९ |
| ३. | वीरता सम्मान एवं कर्तव्यनिष्ठा राहत कार्यक्रम सम्बन्धी कार्यविधि २०७९ |
| ४. | 'क' वर्गको एम्बुलेन्स तथा Mass Casualty Vehicle परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७९ |
| ५. | स.प्र.बल, नेपालमा Body Mass Index (BMI) को आधारमा स्वास्थ्य वर्गिकरण सम्बन्धी कार्यविधि २०७९ |
| ६. | सशस्त्र प्रहरी कर्मचारीहरुको लागि रात्री तथा दिवा बस सेवा संचालन कार्यविधि २०७९ |
| ७. | ए.पी.एफ. कमाण्ड तथा स्टाफ तालिमको प्रवेश परीक्षा सम्बन्धी कार्यविधि, २०७९ |
| ८. | सशस्त्र प्रहरी बल, नेपालमा निर्माण तथा जग्गा खरीद/प्राप्ति सम्बन्धी कार्यविधि, २०७९ |
| ९. | स.प्र.बल, नेपाल पुरस्कार तथा सम्मान कार्यविधि २०७९ |
| १०. | IPOs र P–Level छनौट, मर्यादाक्रम (Merit), अवधि थप (Extension) तथा कल्याणकारी कोषमा रकम कट्टी सम्बन्धी सशस्त्र प्रहरी बल, नेपालको कार्यविधि, २०७९ |
| ११. | वहालवाला सशस्त्र प्रहरी कर्मचारीहरुको मृत्यु भएमा निजको हकवाला-आश्रीत परिवारलाई उपलब्ध गराउने राहत सम्बन्धी कार्यविधि २०७९ |
| १२. | सशस्त्र प्रहरी कर्मचारीहरुको पदस्थापन, सरुवा तथा काज सम्बन्धी कार्यविधि २०७९ |
| १३. | सीमा क्षेत्रमा जडित क्लोज सर्किट क्यामेरा (सि.सि. क्यामेरा) सञ्चालन व्यवस्थापन तथा अनुगमन सम्बन्धी कार्यविधि २०७९ |
| १४. | प्रतिआतंकवाद उपशाखाको कार्य संचालन कार्यविधि २०७९ |
| १५. | सशस्त्र प्रहरी बल नेपालका फर्मेशन अनुसारको पहिचान चिन्ह प्रयोग सम्बन्धी कार्यविधि, २०७९ |
| १६. | फ्यूल स्टेशन तथा विद्युतीय चार्जिङ्ग स्टेशन सम्बन्धी कार्यविधि २०७९ |
| १७. | विदेश तालिम छनौट सम्बन्धी कार्यविधि २०८० |
| १८. | स.प्र.बल, नेपाल कल्याणकारी सेवा केन्द्रबाट नेपाल एपीएफ अस्पतालमा रेडियोलोजी, प्याथोलोजी तथा अन्य सेवा संचालन सम्बन्धी कार्यविधि, २०८० |
| १९. | सशस्त्र प्रहरी बल, नेपालका इकाईहरुको स्थापना दिवस मनाउने सम्बन्धी कार्यविधि, २०७९ (पहिलो संशोधन) |
| २०. | स.प्र.बल, नेपालमा मेश संचालन सम्बन्धी निर्देशिका (संशोधित), २०७९ |
| २१. | हाजिरी जवाफ प्रतियोगिता संचालन निर्देशिका २०७९ |
| २२. | सशस्त्र प्रहरी बल नेपाल केन्द्रीय संग्रहालय व्यवस्थापन निर्देशिका |
| २३. | सीमा क्षेत्रको स्ट्रिप नक्सा प्रयोग तथा सीमा अभिलेख शाखा संचालन सम्बन्धी निर्देशिका २०७९ |
| २४. | सशस्त्र प्रहरी बलमा UN FPU मिशन छनौट (दोस्रो संशोधन) निर्देशिका, २०७३ |
| २५. | तालिम निर्देशिका २०८० (संशोधन) |
| २६. | सुरक्षा बेश अदली बदली निर्देशिका, २०७९ (पहिलो संशोधन) |
| २७. | लेखा उपसमूहका कर्मचारीहरुको काज तथा सरुवा मापदण्ड २०७९ |
| २८. | सादा पोशाकमा सशस्त्र प्रहरी कर्मचारी परिचालन सम्बन्धी मापदण्ड, २०७९ |
| २९. | सीमा क्षेत्रमा रहेका सीमा स्तम्भहरुको निर्माण, मर्मत-सम्भार र पुनर्स्थापना सम्बन्धी मापदण्ड, २०८० |
| ३०. | प्रशिक्षक पुल तथा प्रशिक्षक पुल निर्माण सम्बन्धी मापदण्ड २०८० |
| ३१. | सशस्त्र प्रहरी बल, नेपालमा अनलाईन (Online) बिदा सम्बन्धी मापदण्ड, २०८० |
| ३२. | सशस्त्र प्रहरी बल, नेपालमा कार्यरत स्वास्थ्यकर्मीहरुको उच्च अध्ययन मनोनयन मापदण्ड, २०८० |
| ३३. | दर्ज्यानी चिन्ह सुशोभन सम्बन्धी स्थायी आदेश (SOP) २०७९ |
| ३४. | सशस्त्र प्रहरी कर्मचारीहरुले कुटनैतिक नियोग तथा विभिन्न नेतृत्वसँग भेटघाटको क्रममा पालना गर्नुपर्ने आचरण सम्बन्धी स्थायी आदेश, २०७९ |
| ३५. | नेपाल एपीएफ अस्पताल व्यवस्थापन सम्बन्धी आदेश २०७९ |
| ३६. | महिला बालबालिका तथा द्वन्द्व समन्वय सेल सम्बन्धी स्थायी आदेश, २०८० |
| ३७. | प्रबक्ता तथा सूचना अधिकारीको जिम्मेवारी सम्बन्धी स्थायी आदेश-२०८० |
| ३८. | केन्द्रीय समन्वय सेलको स्थायी कार्य संचालन आदेश २०८० |
| ३९. | सलामी तथा ब्याण्ड संचालन सम्बन्धी स्थायी आदेश २०८० |
| ४०. | सशस्त्र प्रहरी बल, नेपालमा छडी प्रयोग सम्बन्धी स्थायी आदेश (SOP) २०८० |
| ४१. | सलामी व्ययवस्थापन सम्बन्धी स्थायी आदेश, २०८० |
| ४२. | सुरक्षा तथा विपद् व्यवस्थापन अध्ययन अधिस्नातक डिप्लोमा (Post Graduate Diploma in Security and Disaster Management Studies–PGD SDMS) कार्यविधि २०८० |
| ४३. | स.प्र.बल, नेपाल केन्द्रीय निरीक्षण एवं उत्कृष्ट इकाईहरुको छनौट तथा इकाईहरुको योग्यताक्रम निर्धारण सम्बन्धी स्थायी आदेश, २०७० |
| ४४. | ए.पि.एफ. नेपालद्वारा टेलिमेडिसिन सेवा प्रदान गर्ने सम्बन्धी SOP २०८० |
| ४५. | स.प्र.बल, नेपालका सम्पूर्ण कार्यालयहरु (स्थायी र अस्थायी) को साईनबोर्ड एकरुपता सम्बन्धी प्रतिवेदन, २०७९ |
| ४६. | स.प्र.बल, नेपालका इकाईहरुका सशस्त्र प्रहरी कर्मचारीहरुले पाउने फ्रिस्केलका सामग्रीहरु सिलाउने तथा मर्मत गर्ने कार्यहरुको मूल्य कायम गरी तयार गरिएको प्रतिवेदन |
| ४७. | प्रस्तावित सी.सु. गुल्म र बि.ओ.पि. प्रमुखहरुको कार्य मूल्याङ्कन सम्बन्धी प्रस्तावित कार्य मूल्याङ्कन प्रतिवेदन |
| ४८. | स.प्र.बल, नेपालका विभिन्नत कार्यालयहरुमा प्रयोग हुने वाल बोर्ड, टेबल प्लेट, जिम्मेवारी झल्किने बोर्ड र कार्यालय प्रमुखको विस्तृत विवरण झल्किने बोर्डको साईज र सोमा प्रयोग हुने रंगहरुको एकरुपता गर्नको लागि तयार पारिएको प्रतिवेदन |
| ४९. | राजस्व चुहावट नियन्त्रणका लागि परिचालन हुने स.प्र.क.हरुले पोशाकमा प्रयोग गर्ने पहिचान चिन्ह "राजस्व प्रहरी" प्रयोगमा ल्याउने प्रतिवेदन |
| ५०. | सशस्त्र प्रहरी बल, नेपालमा पत्राचारको क्रममा प्रयोग हुने लेटर प्याड तथा संचार प्याड सम्बन्धी प्रतिवेदन |
| ५१. | सशस्त्र प्रहरी बल, नेपालमा पेशागत गतिविधि (Professional Activities Cycle-PAC) संचालन सम्बन्धी कार्ययोजना-२०७९ |
| ५२. | सशस्त्र प्रहरी बल, नेपालका डग निस्कृय (Phase Out) गर्ने सम्बन्धी कार्ययोजना २०७९ |
| ५३. | स.प्र.क.का अपाङ्ग सन्ततीलाई राहतको व्यवस्था सम्बन्धी कार्ययोजना, २०८० |
| ५४. | अन्य दर्जाका स.प्र.क.हरुलाई आवास कर्जा उपलब्ध गराउने सम्बन्धी कार्ययोजना, २०८० |
| ५५. | उत्कृष्ट कार्य गर्ने स.प्र.क.हरुलाई स्वदेश भित्र पारिवारिक भ्रमण गर्न प्रोत्साहन रकम उपलब्ध गराउने सम्बन्धी कार्ययोजना, २०८० |
| ५६. | प्रतिआतंकवाद उपशाखा गठन सम्बन्धी अवधारणा पत्र २०७९ |
| ५७. | एपिएफ कमाण्ड तथा स्टाफ कलेजको विधान २०७९ |
| ५८ | समारोह व्यवस्थापन शाखाको स्थापना तथा कार्यालय संचालन गर्नका लागि उपयुक्त स्थान, नफ्री, बन्दोबस्तीका सामाग्रीहरु तथा शाखाको काम, कर्तब्य र अधिकार सहितको प्रतिवेदन |
| ५९ | Best Integrity Award छनौट मापदण्ड २०८० |
| ६० | सीमा पैदल गस्ती परिचालन सम्बन्धी अवधारणा पत्र २०८० |
| ६१. | नेपाल एपिएफ स्कूलहरुको शैक्षिक कार्यक्रमहरुलाई समय सापेक्ष गुणस्तरीय, पारदर्शी र प्रभावकारी बनाउन शुल्क परिमार्जन लगायत अन्य सुधारात्मक कार्यहरुको प्रतिवेदन २०८० |
| ६२. | Disciplinary Tracking and Action Unit संचालन मापदण्ड २०८१ र Unit Progress Reporting System संचालन |
| ६३. | सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय अनुगमन तथा गुनासो व्यवस्थापन इकाई मापदण्ड २०८१ |
| ६४. | स.प्र.बल, नेपाल केन्द्रीय निरीक्षण एवं उत्कृष्ट इकाईहरुको छनौट तथा इकाईहरुको योग्यताक्रम निर्धारण सम्बन्धी स्थायी आदेश, २०८० पहिलो संशोधन |
| ६५. | स.प्र.बल, नेपाल प्र.का. तथा सो अन्तर्गतका इकाईहरुको कार्य संचालन सम्बन्धी स्थायी आदेश २०७९ (पहिलो संशोधन) |
| ६६. | CTEVT लगायत अन्य संघ-संस्थाहरुबाट विभिन्नश किसिमका सेवाकालिन तालिम अन्तर्गत प्राविधिक ट्रेडलगायत अन्य किसिमका विभिन्न् तालिमहरुमा सहभागिताको लागि अपनाउनु पर्ने मापदण्ड सहितको प्रतिवेदन |
| ६७. | नेपाल एपिएफ अस्पतालमा उपचारार्थ आउने बिरामीहरुलाई निःशुल्क वितरण गरिने औषधी तथा औषधीजन्य सामानहरुको संख्या निर्धारण सम्बन्धी प्रतिवेदन |
| ६८. | नेपाल एपिएफ स्कुलहरुको लत्ताकपडा, बेडिङ्ग तथा स्टेशनरी लगायत सम्पूर्ण सागग्रीहरु सम्बन्धी प्रतिवेदन, २०८१ |
| ६९. | नेपाल एपिएफ अस्पतालको सेवा सुविधा परिमार्जन तथा प्रभावकारी बजेट तथा श्रोत साधनहरुको व्यवस्थापन अस्पताल सुरक्षा दस्ता प्रशासनिक कार्य र मानसिक समस्या भएका बिरामीहरुको उचित व्यवस्थापन सम्बन्धी प्रतिवेदन |
| ७० | नेपाल ए.पि.एफ. अस्पतालमा उपचारको लागि आउने सेवाग्राही (सर्वसाधारण, भू.पु. स.प्र.क. तथा आश्रित परिवार) को लागि सर्वसुलभ, गुणस्तरीय र सहुलियत दरमा औषधी तथा औषधीजन्य सामग्रीहरु सःशुल्क बिक्री वितरणको लागि फार्मेसी सेवा सञ्चुालन गर्ने सम्बन्धी प्रतिवेदन |
| ७१. | प्रदेश स्तरीय ब्याण्ड टोली परिचालन सम्बन्धी कार्ययोजना २०८० |
| ७२. | नेपाल एपिएफ स्कूल कीर्तिपुर खेलकुद अक्षय कोष संचालन विधान-२०८१ |
| ७३. | सशस्त्र प्रहरी बल नेपालका ईकाइहरुको स्थापना दिवन मनाउने सम्वन्धी कार्यविधि, २०७९ (दोस्रो संशोधन) |
| ७४. | सशस्त्र प्रहरी बल, नेपाल महानिरीक्षकको सचिवालय सुरक्षा योजना-२०८१ |
| ७५. | सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय आवास तथा सिनियर अधिकृत मेश संचालन स्थायी आदेश (SOP)-२०८१ |

बाँकी अर्को अंकमा

# उद्धार/विविध

## धादिङ घाटबेशीबाट हराएका दुई बालकमध्ये एकको शव फेला



धादिङ जिल्लाको गजुरी गाउँपालिका-५ घाटबेशीबाट हराएका दुई बालकमध्ये एक जनाको शव जेठ २७ गते गोताखोर टोलीले फेला पारेको छ । जेठ २६ गते दिउँसो करिब ४ बजेदेखि हराएका अन्दाजी १५ वर्षीय युनिक सुवेदी र १३ वर्षीय रिदम रोइलाले लगाएको कपडा त्रिशुली नदीको किनारमा भेटिएपछि उनीहरुको खोजीकार्य शुरु गरिएको थियो ।

विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार बाट गोताखोरसहितको टोलीले खोजीकार्य गर्दा त्रिशुली नदीको भण्डै २० फिट गहिराईमा युनिकको शव फेला पारेको थियो । अर्का रिदम रोइलाको भने यो समाचार तयार पार्दासम्म खोजीकार्य जारी रहेको छ ।

## सकुशल उद्धार

भक्तपुर जिल्लाको चाँगुनारायण नगरपालिका-४ गाँउडोलस्थित भागवत राम गेलालमा ईनार खन्ने क्रममा बेहोस भएका दुई जनाको सकुशल उद्धार गरिएको छ । ईनार खन्ने क्रममा २५ फिट गहिराईमा पुगेपछी रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिका-४ घर भई हाल सोही ठाउँ बस्ने सन्देश सुनुवार र दिपक सुनुवार अक्सिजनको मात्रा कम भई बेहोस भएका थिए । उनीहरु दुवैजनाको नं २२ गुहेश्वरी गण भक्तपुरले उद्धार गरी उपचारको लागि जिल्ला अस्पताल भक्तपुर पठाएको थियो ।

## फेवातालमा फसेकी महिलाको सकुशल उद्धार

पोखराको फेवातालमा एक्लै काठको डुंगा चलाउने क्रममा फसेकी पर्यटकको जेठ १७ गते सकुशल उद्धार गरिएको छ । अचानक आएको हावाहुरीका कारण तालको बीच भागमा फसेकी अष्ट्रियाकी नागरिक २७ वर्षीया लाउराको नं. २४ कालिका गण कास्कीबाट फेवाताल रेस्क्यु वाच टावरमा खटिएको विपद् व्यवस्थापनसहितको टोलीले तत्कालै सकुशल उद्धार गरेको हो ।

यसैगरी कास्की जिल्ला पोखरा महानगरपालिका-६ केदारेश्वर मन्दिर नजिक फेवातालमा डुबेर बेपत्ता भएका एक जनाको शव सशस्त्र प्रहरीको गोताखोरले फेला पारेको छ । सो तालमा डुबेर बेपत्ता भएको खबर पाउनासाथै नं. २४ कालिका गण कास्कीबाट रेस्क्यू टावरबाट खटिएको गोताखोरसहितको टोलीले खोजीकार्य गर्दा उनको शव फेला पारी पानीबाट बाहिर निकालेको हो ।

यसैगरी सोही जिल्लाको पोखरा महानगरपालिका-१७ भोटेक्याम्प नजिकै फुस्रे खोलामा बेपत्ता भएका युवकको शव सशस्त्र प्रहरीको गोताखोरले जेठ २६ गते फेला पारेको छ । पर्वत जिल्लाको कुश्मा नगरपालिका-१३ घर भई पोखरा महानगरपालिका-१७ छोरेपाटन बस्ने २८ वर्षीय विश्वास सुवेदी पौडी खेल्ने क्रममा डुबेर बेपत्ता भएका थिए । नं. २४ कालिका गण कास्कीबाट खटिएको गोताखोरसहितको टोलीले भण्डै २५ फिट गहिराईबाट उनको शव बाहिर निकालेको हो ।

## नदीमा डुबेर बेपत्ता बालकको शव फेला



कालिकोट जिल्लाको तिला नदीमा नुहाउने क्रममा डुबेर बेपत्ता भएका बालकको शव सशस्त्र प्रहरीको गोताखोरले जेठ १७ गते फेला पारेको छ । तिलागुफा नगरपालिका-७ घर भई सोही नगरपालिका-६ गाल्जे बस्ने अन्दाजी १६ वर्षीय हिक्मत बम नदीमा पौडी खेल्ने क्रममा जेठ १५ गते डुबेर बेपत्ता भएका थिए । बेपत्ता बालकको शव खोजीकार्यको लागि नं. ६ महेश्वरी बाहिनी मुख्यालय सुर्खेत र आश्रित गुल्म कालिकोटबाट खटिएको गोताखोरसहितको सुरक्षा फौजले उनको शव घटनास्थलनजिकै फेला पारेको थियो ।

## आगलागी नियन्त्रण



काठमाडौं महानगरपालिका-३२ तीनकुनेमा जेठ २३ गते भएको आगलागी सशस्त्र प्रहरी, अन्य सुरक्षा निकाय र स्थानीय वासिन्दाले दमकलको सहयोगमा नियन्त्रणमा लिएको छ । सोही ठाउँमा एक घरमा सञ्चालन गर्दै आएको चाउचाउ, बिस्कुट गोदाममा ग्याँस लिकेज भई आगलागी भएको बताइएको छ । आगलागी नियन्त्रणको लागि नं. २० विपद् उद्धार गण सिनामंगलबाट खटिएको सुरक्षा फौज सकृयताकासाथ जुटेको थियो ।

## आगलागीपीडितलाई राहत वितरण



कञ्चनपुर जिल्लाको शुक्लाफाँटा नगरपालिका-७ जुडाकाका आगलागीपीडित जयदेव ठगुन्नासहित ५ जनाको परिवारलाई जेठ ३ गते राहत वितरण गरिएको छ । नं. ७ बैद्यनाथ बाहिनी मुख्यालय कैलालीको Disaster Relief System (DRS) मा रहेका विभिन्न राहतका सामान नं. ३५ शैलेश्वरी गण कञ्चनपुरका गणपति सशस्त्र प्रहरी उपरीक्षक खगेन्द्रबहादुर चन्दले वितरण गर्नुभएको हो । पीडितहरुलाई दैनिक प्रयोग हुने भाँडावर्तन, कपडा आदि वितरण गरिएको छ ।

## स्वास्थ्य शिविर सञ्चालन



पर्वतीय उद्धार तालिम शिक्षालय मनाङले डिस्याङ्ग गाउँपालिका स्वास्थ्य शाखाको सहकार्यमा जेठ २९ गते सोही गाउँपालिका-४ हुम्डेमा स्वास्थ्य शिविर संचालन गरेको छ । डिस्याङ्ग गाउँपालिका अध्यक्ष कान्छा गुरुङको प्रमुख आतिथ्य र तालिम शिक्षालयका समादेशक सशस्त्र प्रहरी उपरीक्षक प्रेम प्रकाश सिग्देलको उपस्थितीमा संचालन भएको शिविरमा सो गाउँपालिकाका स्थानीय वासिन्दा, आन्तरिक तथा बाह्य पर्यटक गरी कुल ५७ जनाको निःशुल्क परिक्षण गरिएको थियो ।

## चितवनको फिस्लिङमा भएको सवारी दुर्घटनामा उद्धार



जेठ ३२ गते शुक्रबार बिहान चितवन जिल्लाको इच्छाकामना गाउँपालिका-३ फिस्लिङ नजिक नेपालगञ्जबाट काठमाडौंतर्फ आउँदै गरेको भे १ ख ४०६२ नम्बरको बस र बिपरित दिशातर्फ जाँदै गरेको बा.प्र.०१-०२९ च ३७२० नम्बरको कार ठोक्किएर भएको दुर्घटनामा बसमा सवार १५ र कारमा सवार ५ जना घाइते भएका छन् । दुर्घटना लगत्तै विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारबाट मेडिकल टिम र मास क्याजुअल्टी भेईकल सहित ३५ जनाको सुरक्षा फौज परिचालित भई उद्धार गरेको थियो । घाइतेमध्ये ११ जनालाई उपचारार्थ भरतपुर अस्पतालतर्फ पठाइएको छ ।



**त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल काठमाडौंमा Airport Emergency Plan मा भएको व्यवस्था बमोजिम नागरिक उड्डयन कार्यालयद्वारा जेठ २८ गते सोमबार आयोजित पूर्णस्तरको विमानस्थल आपतकालिन अभ्यास (Full Scale Emergency Exercise 2024) मा उद्धार अभ्यास गर्दै नं. २० विपद् उद्धार गण सिनामंगलको सुरक्षा फौज ।**



**अछाम जिल्लाको साँफेबगर नगरपालिका-४ स्थित बुढीगंगा नदीमा जिल्ला समन्वय समिति अछामले आयोजना गरेको सचेतनामूलक अभ्यास मनसुन-४ पूर्वतयारी संयुक्त सेमुलेशनमा नं. ४९ खप्तड गुल्म अछामको सुरक्षा फौज ।**



**काठमाडौं जिल्लाको गोकर्णेश्वर नगरपालिका-८ जोरपाटीस्थित बौद्ध इन्टरनेशनल स्कुलमा जेठ ४ गते विपद् सम्बन्धी कक्षा संचालन गर्दै नं. २० विपद् उद्धार गण सिनामंगल काठमाडौंको सुरक्षा फौज ।**

## नेपाल चीन सीमामा रहेको ३५ नम्बर सीमा स्तम्भको अनुगमन



गोरखा जिल्लाको चुमनुब्री गाउँपालिका-१ अन्तर्गत रहेको ३५ नम्बर सीमा स्तम्भ (सीमा चिन्ह) को संयुक्त रुपमा अनुगमन गरिएको छ । बीओपी साम्दो र चिनीयाँ प्रहरीको संयुक्त टोलीले जेठ ३१ गते सो क्षेत्रमा पुगी सीमा स्तम्भको अनुगमन गरेका हुन् । अनुगमनका क्रममा नियमित सम्पर्क र समन्वयमा रही सीमा अपराध नियन्त्रण सम्बन्धी एक आपसमा सहयोग पुऱ्याउने प्रतिबद्धता समेत जनाइएको थियो ।

## आठौं एपीएफ कमाण्ड तथा स्टाफ कोर्ष समापन



एपीएफ कमाण्ड तथा स्टाफ कलेज काठमाडौंमा सञ्चालन भएको आठौं एपीएफ कमाण्ड तथा स्टाफ कोर्ष समापन भएको छ। सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय हल्चोक स्वयम्भूमा आयोजित समारोहबीच जेठ २५ गते समापन गर्नुभएको हो। प्रमुख अतिथि सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल र विशेष अतिथि त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकायका डिन प्रोफेसर डा.कुशुम शाक्यले कोर्षमा सर्वोत्कृष्ट हुनुभएका सशस्त्र प्रहरी नायव उपरीक्षक श्याम रावतलाई 'बेस्ट कमाण्ड एण्ड स्टाफ कोर्ष', सशस्त्र प्रहरी नायव उपरीक्षक मदन ढुंगानालाई 'बेस्ट रिसर्च अवार्ड' र सशस्त्र प्रहरी नायव उपरीक्षक हरिबहादुर गुरुङलाई 'बेस्ट एकेडेमिक अवार्ड' प्रदान गर्नुभएको थियो।

महानिरीक्षक अर्यालले यस किसिमको शैक्षिक एवं व्यावसायिक ज्ञानले संगठनमा आवद्ध अधिकृतहरुको व्यावसायिक दक्षता अभिवृद्धि हुनुका साथै विद्यमान तथा नवीनतम् सुरक्षा चुनौतीहरुलाई परास्त गर्न सक्ने योग्य कमाण्डर निर्माणमा समेत अहम् भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो। कोर्षमा सशस्त्र प्रहरी उपरीक्षक ९ र सशस्त्र प्रहरी नायव उपरीक्षक ५ गरी १४ जना अधिकृतहरुको सहभागिता रहेको थियो।

## स्वागत तथा बिदाइ कार्यक्रम

सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले सशस्त्र प्रहरी विशेष अदालतमा अध्यक्ष एवं सदस्यका रुपमा नियुक्त हुनुभएका र अध्यक्षका रुपमा सफलतापूर्वक कार्यकाल सम्पन्न गर्नुभई अवकाश प्राप्त गर्नुभएका विशिष्ट व्यक्तिहरुलाई जेठ २१ गते प्रधान कार्यालयमा आयोजित एक कार्यक्रमबीच हार्दिक स्वागत तथा बिदाइ गर्नुभएको छ। महानिरीक्षक राजु अर्यालले सशस्त्र प्रहरी विशेष अदालतको अध्यक्षका रुपमा यही बैशाख १८ गते नियुक्त हुनुभएका नायव महान्यायाधिवक्ता डा. टेकबहादुर घिमिरे र सदस्यका रुपमा नियुक्त हुनुभएका गृह मन्त्रालयका सहसचिव झक्कुप्रसाद आचार्यलाई आगामी कार्यकाल सफलताको शुभकामना व्यक्त गर्नुभयो।

सशस्त्र प्रहरी विशेष अदालतको अध्यक्षको रुपमा २०८० साल बैशाख २४ गतेदेखि २०८१ बैशाख १३ गतेसम्म आफ्नो जिम्मेवारी निर्वाह गरी अवकाश हुनुभएका पूर्व नायव महान्यायाधिवक्ता विश्वराज कोइरालालाई महानिरीक्षक अर्यालले विशेष धन्यवादसहित मायाको चिनो प्रदान गर्नुभएको थियो। उहाँको कार्यकालमा सशस्त्र प्रहरी बल, नेपालसँग सम्बन्धित विभिन्न मुद्दाहरुको नजिर संग्रह हाल प्रकाशनको तयारीमा समेत रहेको छ।



## सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालबाट दर्ज्यानी चिन्ह प्रदान



सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले प्रधान कार्यालयमा जेठ २० गते सशस्त्र प्रहरी नायव उपरीक्षक र सशस्त्र प्रहरी निरीक्षक पदमा पदोन्नति हुनुभएका ७ जना अधिकृतहरुलाई दर्ज्यानी चिन्ह प्रदान गर्नुभएको छ। नेपाल सरकार गृह मन्त्रालय (सचिवस्तर) को २०८० साल भदौ १३ गतेको निर्णयले सशस्त्र प्रहरी निरीक्षकबाट सशस्त्र प्रहरी नायव उपरीक्षक पदमा र नेपाल सरकार गृह मन्त्रालय (सचिवस्तर)को २०८० साल भदौ १ गतेको निर्णयले सशस्त्र प्रहरी नायव निरीक्षकबाट सशस्त्र प्रहरी निरीक्षक पदमा पदोन्नत्ति हुनुभएको थियो। उहाँहरु एफपीयू मिशनमा कार्यरत रहनु भएकोले जेठ २० गते दर्ज्यानी चिन्ह प्रदान गरीएको हो।

## गोताखोरहरुको नि:शुल्क दुर्घटना बीमा नवीकरण



सशस्त्र प्रहरी बल नेपालका गोताखोर तालिम प्राप्त कर्मचारीहरुको नि:शुल्क व्यक्तिगत दुर्घटना बीमा नवीकरण भएको छ। प्रधान कार्यालय हल्चोक स्वयम्भुमा जेठ २२ गते नेशनल इन्स्योरेन्स कम्पनी लिमिटेडले प्रतिव्यक्ति दुई लाख रुपैयाँबराबरको नि:शुल्क बीमा पोलिसीको नवीकरण गरेको हो।

सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक बंशीराज दाहाललाई नेशनल इन्स्योरेन्स कम्पनीका कार्यकारी अधिकृत सिद्धार्थ मजुम्दले सशस्त्र प्रहरी बल नेपालमा रहेका ९१ जना गोताखोर तालिम प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुको बीमा पोलिसीको कागजपत्र हस्तान्तरण गर्नुभएको हो।

# स्थापना दिवस

## नं. ६ गण सप्तरी



नं. ६ गण सप्तरीको १७औं स्थापना दिवस नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक दीपेन्द्र शाहको प्रमुख आतिथ्यमा जेठ ६ गते सम्पन्न भएको छ। नायव महानिरीक्षक शाहले खेलकुद प्रतियोगिताका विजयी टिम तथा खेलाडी, उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरुलाई पुरस्कार तथा प्रशंसापत्र प्रदान गर्नुभएको थियो।

## नं. ७ गण सिरहा

नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक दीपेन्द्र शाहको प्रमुख आतिथ्यमा जेठ १३ गते नं. ७ गण सिरहाको १७औं स्थापना दिवस सम्पन्न भएको छ।

नायव महानिरीक्षक शाहले स्थापना दिवसको अवसरमा विभिन्न खेलकुद प्रतियोगिताका विजयी टिम तथा खेलाडी, उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरु र शिक्षालयलाई सहयोग पुऱ्याउनुहुने संघसंस्था तथा महानुभावहरुलाई पुरस्कार तथा प्रशंसापत्र प्रदान गर्नुभएको थियो।



## नं. २६ गण पश्चिम नवलपरासी



खत्रीको प्रमुख आतिथ्यमा जेठ २ गते नं. २६ गण पश्चिम नवलपरासीको १७औं स्थापना दिवस सम्पन्न भएको छ।

कार्यक्रममा नवलपरासी जिल्ला समन्वय समितिका प्रमुख, जिल्लास्थित सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरु, अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरु, मातहत सुरक्षा गुल्म, बीओपी र बेश प्रमुखहरुलगायत गणमा कार्यरत सशस्त्र प्रहरी कर्मचारीहरुको उपस्थिति रहेको थियो।

## नं. १२ गण बारा

नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीका सहायक बाहिनीपति सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक माधवप्रसाद पौडेलको प्रमुख आतिथ्यमा जेठ १० गते नं. १२ गण बाराको १७औं स्थापना दिवस सम्पन्न भएको छ। बरिष्ठ उपरीक्षक पौडेलले स्थापना दिवसको अवसरमा सञ्चालन गरीएका विभिन्न खेलकुद प्रतियोगिताका विजयी टिम तथा खेलाडी र वर्षभरी उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरुलाई पुरस्कार तथा प्रशंसापत्र प्रदान गर्नुभएको थियो।

कार्यक्रममा जिल्ला प्रशासन कार्यालय बाराका सहायक प्रमुख जिल्ला अधिकारी, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु, जिल्लास्थित सुरक्षा निकायका प्रमुखलगायत सशस्त्र प्रहरी बल नेपालका सिनियर अधिकृत, जुनियर अधिकृत तथा बिल्लादार जवानहरुको उपस्थिति रहेको थियो।



## नि:शुल्क आँखा शिविर सञ्चालन



सशस्त्र प्रहरी परिवार महिला संघले २३औं वार्षिकोत्सवको अवसरमा पाँचधारा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको सहकार्यमा जेठ २६ गते काठमाडौंको नागार्जुन नगरपालिका-३ पिपुल्स फ्रेन्डसिप एकेडेमीमा नि:शुल्क आँखा शिविर सञ्चालन गरेको छ । संघकी अध्यक्ष श्रीमती अनिता लामिछाने अर्यालको प्रमुख आतिथ्यमा सञ्चालन गरीएको शिविरमा ४ सय १८ जनाको परीक्षण गरीएको थियो ।

## स्वास्थ्य शिविर सञ्चालन



१७औं वार्षिकोत्सवको अवसरमा नं. ४ गण सुनसरीले विराट मेडिकल कलेज टिचिङ अस्पतालको सहकार्य र सशस्त्र प्रहरी बल नेपाल पूर्व क्षेत्रीय अस्पताल पकली सुनसरीको समन्वयमा स्तन तथा पाठेघरको क्यान्सर (अन्कोलोजी) रोगसम्बन्धी स्वास्थ्य शिविर सञ्चालन गरेको छ । जेठ ११ गते गण परिसरमा सञ्चालन गरीएको स्वास्थ्य शिविरमा बहालवाला तथा अवकाश प्राप्त महिला सशस्त्र प्रहरी कर्मचारीहरु, आश्रित परिवारजन र स्थानीय गरी १ सय १ जनाको स्वास्थ्य परीक्षण गरीएको थियो ।

## गोरखाको साम्दोमा बोर्डर आउट पोष्ट स्थापना



चीनको सीमातर्फ गोरखा जिल्लाको चुमनुब्री गाउँपालिका-१ स्थित साम्दोमा जेठ १३ गते बोर्डर आउट पोष्ट (बीओपी) स्थापना भएको छ । यससँगै चीनतर्फ बीओपीको संख्या १० वटा पुगेको छ । बीओपी सदरमुकाम गोरखा बजारबाट करिब १ सय ६४ किलोमिटर उत्तरतर्फ रहेको छ । समुन्द्री सतहबाट करिब ३ हजार ८ सय ७५ मिटरको उचाईमा स्थापना भएको बीओपीबाट करिब १५ किलोमिटर नजिक चीनसँगको सीमानामा रुइला नाका रहेको छ । हाल भारततर्फ २ सय ४४ र चीनतर्फ १० गरी बीओपीको संख्या २ सय ५४ वटा पुगेको छ ।




**यू.एन. शान्ति स्थापना तालिम शिक्षालय ककनी, नुवाकोटले International Day of United Nations Peacekeepers (May-29) को अवसरमा जेठ १६ गते प्रभातफेरी कार्यक्रमको आयोजना गरेको छ ।**

## स.प्र.बल, नेपाल इकाई परिचय

# हुल तथा दंगा व्यवस्थापन तालिम शिक्षालय लामापाटन, पोखरा

नेपाल सरकारले सशस्त्र प्रहरी बल, नेपाललाई सुम्पेको काम, कर्तव्य र कार्य क्षेत्रमा केन्द्रित रही मर्यादित एवं सांगठनिक तथा पदीय दायित्व बहन गर्न सक्ने सक्षम, सबल, अनुशासित, साहसी एवं कर्तव्यनिष्ठ कर्मचारी उत्पादन गर्ने उद्धेश्यले शिक्षालयको स्थापना गरेको हो ।

शिक्षालय लोगो

(तत्कालीन) ककनी गा.वि.स. वडा नं. ६ ककनी, नुवाकोटमा २०५८ साल बैशाख १ गते नेपाल प्रहरीबाट सशस्त्र प्रहरी बललाई हस्तान्तरण भई तत्कालीन प्रथम समादेशक सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक अम्मर नेम्वाङ सुब्बासहित १ सय २० जनाको दरबन्दी कायम भई कार्य प्रारम्भ भएको थियो। २०५८ फागुन ९ गतेका दिन जिल्ला सिन्धुपाल्चोक डाँडापाखरस्थित युक्ति तालिम महाविद्यालय लामापाटन पोखरामा स्थानान्तरण गरीएको थियो। २०६१ मंसिर २८ गतेको निर्णयानुसार तालिम महाविद्यालयलाई कास्की जिल्लाको पोखरा उपमहानगरपालिका-१५ पशु



विकास फारमको पाँच सय रोपनी क्षेत्रफलमा तत्कालीन युक्ति तालिम महाविद्यालय (हाल सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा तालिम महाविद्यालय) को स्थानमा स्थानान्तरण गरीएको थियो । तत्कालीन युवराज पारस वीरविक्रम शाहदेवबाट महाविद्यालयको २०६१ पुस ५ गते समुदघाटन भएको हो । 'ज्ञान, कला, कौशल" (KNOWLEDGE, ART, SKILL)' आदर्श वाक्य रहेको यस शिक्षालय कास्की जिल्लाको पोखरा महानगरपालिका- १४ स्थित ५०० रोपनी क्षेत्रफलमा फैलिई समुन्द्री सतहबाट औसत ७८० मिटर उचाईमा रहेको छ ।

गुणस्तरीय जनशक्ति उत्पादन गर्न संगठनले नयाँ संरचनात्मक ढाँचाको आवश्यकतालाई अवलम्बन गर्दै सबै प्रदेशहरुमा तालिम शिक्षालयको स्थापना गर्ने उद्देश्यले राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठानको मातहतमा रहने गरी यस तालिम महाविद्यालयलाई नेपाल सरकार मन्त्रिपरिषद्को २०७५ जेठ २७ गतेको निर्णयानुसार O&M बमोजिम तत्कालीन तालिम महाविद्यालयलाई २०७५ साउन १३ गतेबाट लागू हुने गरी सशस्त्र प्रहरी बल, नेपाल हुल तथा दंगा व्यवस्थापन तालिम शिक्षालय लामापाटन, पोखरामा रुपान्तरण भई कार्य सञ्चालन भइरहेको थियो ।

विशेष शस्त्र तथा युद्धकला तालिम, ककनी, सहिष्णुता तालिम (नेपाली सैनिक शिक्षालय नगरकोटमा सञ्चालित), विशेष युद्धकला नेतृत्व तथा व्यवस्थापन तालिम ककनी, ICRC तालिम, जवान आधारभूत तालिम, से.मु. हतियार तथा से.मु. पति तालिम, गुल्मपति तथा स्टाफ तालिम, युवक अधिकृत तालिम, सहायक निरीक्षक आधारभूत तालिम, निरीक्षक आधारभूत तालिम,



**सप्रबउ सुधिरजंग थापा**
**समादेशक**

हुल तथा दंगा व्यवस्थापन तालिम (जुनियर अधिकृत तथा अन्य दर्जा), हुल तथा दंगा व्यवस्थापन तालिम (सिनियर अधिकृत), सशस्त्र प्रहरी निरीक्षक अल्पकालीन आधारभूत तालिम, सशस्त्र प्रहरी सहायक निरीक्षक अल्पकालीन आधारभूत तालिम, निर्वाचन सुरक्षा प्रशिक्षक प्रशिक्षण तालिम, राष्ट्रिय अनुसन्धान अधिकृत तालिम, ड्रिल तथा ड्रिल प्रशिक्षक तालिम, स्नाइपर तालिम, स्नाइपर रि-फ्रेसर तालिम, क्वाटरगार्ड ड्रिल तालिम, से.मु.हतियार तालिम, नक्शा अध्ययन तथा जि.आई.एस.तालिम, Emergency First Aid & Dead Body Management After Disaster तालिम, से.मु.पति (सशस्त्र प्रहरी वरिष्ठ हवल्दार) तालिम, २ हप्ते यू.एन. मिशन अनुशिक्षण तालिम, प्रतिविद्रोह तालिम, बिल्लादार तालिम (सशस्त्र प्रहरी जवान), इन्टेलिजेन्स तालिम, पत्तिपति, से.मु. पति (आन्तरिक बढुवा जुनियर अधिकृत), MFR SMEE, से.मु. हतियार प्रशिक्षक तालिम, स्पेशल टास्क फोर्स, इन्सास राइफल तथा एल.एस.डब्लु अनुशिक्षण र संगठनले तोकेबमोजिम अन्य उन्नत तालिमहरु सञ्चालन गर्दै आइरहेको छ ।

शिक्षालयको स्थापना कालदेखि हालसम्म विभिन्न तालिम प्राप्त दीक्षित सशस्त्र प्रहरी कर्मचारीहरुमध्ये सशस्त्र प्रहरी निरीक्षक आधारभूत तालिम १२ वटा सञ्चालन गरी ७ सय ३६ जना, १ सय ८८ जना सशस्त्र प्रहरी सहायक निरीक्षक आधारभूत तालिम ८ वटा सञ्चालन गरी र सशस्त्र प्रहरी जवान आधारभूत तालिम १५ वटा सञ्चालन गरी १ हजार ७ सय ३६ जनालाई दीक्षित गरेको छ भने अन्य उन्नत पेशागत तालिम सञ्चालन गरी कूल १० हजार ७ सय ५८ जना दीक्षित भइसकेका छन् ।

## हालसम्मका समादेशकहरू

| सि.नं. | दर्जा | नामथर | कार्यरत | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १. | सप्रबउ | अम्मर नेम्वाङ | २०५८।०१।२३ | २०५८।१२।२७ |
| २. | सप्रबउ | शैलेन्द्रकुमार श्रेष्ठ | २०५८।१२।२७ | २०६०।०२।११ |
| ३. | सप्रबउ | सनतकुमार बस्नेत | २०६०।०२।११ | २०६१।१२।०३ |
| ४. | सप्रबउ | सुशीलकुमार श्रेष्ठ | २०६१।१२।०३ | २०६४।०१।२८ |
| ५. | सप्रबउ | प्रकाश ओझा | २०६४।०१।२८ | २०६५।०२।३० |
| ६. | सप्रबउ | जीवनकुमार थापा | २०६५।०२।३० | २०६६।०४।३२ |
| ७. | सप्रबउ | पुष्पराम के.सी. | २०६६।०८।०७ | २०६७।०२।०५ |
| ८. | सप्रबउ | सुवोधकुमार अधिकारी | २०६७।०२।०५ | २०६७।०९।२२ |
| ९. | सप्रबउ | शैलेन्द्र खनाल | २०६७।०९।२२ | २०६८।०५।१५ |
| १०. | सप्रबउ | नारायणबाबु थापा | २०६८।०५।१६ | २०६९।०३।०१ |
| ११. | सप्रबउ | सुरजकुमार श्रेष्ठ | २०६९।०५।१७ | २०७०।०४।१८ |
| १२. | सप्रबउ | राजेश श्रेष्ठ | २०७०।०४।१८ | २०७१।०९।२२ |
| १३. | सप्रबउ | राजु अर्याल | २०७१।०९।२७ | २०७२।०५।०९ |
| १४. | सप्रबउ | कविन्द्रमान श्रेष्ठ | २०७२।०५।०९ | २०७३।११।२३ |
| १५. | सप्रबउ | बंशीराज दाहाल | २०७३।११।२४ | २०७५।०३।२७ |
| १६. | सप्रबउ | राजेन्द्र बस्नेत | २०७५।०३।२७ | २०७६।०४।०४ |
| १७. | सप्रबउ | राजेन्द्रकुमार अधिकारी | २०७६।०४।०४ | २०७७।०३।३१ |
| १८. | सप्रबउ | विदुर खड्का | २०७७।०३।३१ | २०७८।०७।१७ |
| १९. | का.मु.सप्रबउ | रेशमकुमार थक्सू | २०७८।०७।१७ | २०७९।०१।१८ |
| २०. | सप्रबउ | सुरेशकुमार श्रेष्ठ | २०७९।०३।२२ | २०७९।१०।२५ |
| २१. | सप्रबउ | दीपक अधिकारी | २०७९।११।२२ | २०८०।०१।११ |
| २२. | सप्रबउ | सुधिरजंग थापा | २०८१।०१।३० | हालसम्म |

# पक्राउ / बरामद

## नं. १ श्रीअन्तु गण इलाम

### विभिन्न सामान र गाडी नियन्त्रणमा

इलाम जिल्लाको सूर्योदय नगरपालिका-२ दुईमाइल इलाकाबाट जेठ ७ गते करिब १३ लाख १८ हजार रुपैयाँबराबरको विभिन्न किसिमका सामानसहित पिकअप गाडी नियन्त्रणमा लिइएको छ।

प्र १-०३-००१ ज ००१९ नम्बरको बोलेरो पिकअप गाडीमा लोड गरी नेपालबाट भारततर्फ लैजाँदै गरेको लत्ताकपडा, चप्पल तथा खाद्यान्न प्रस्तावित सीमा सुरक्षा गुल्म पशुपतिनगरले नियन्त्रणमा लिएको हो। बरामद सामान तथा गाडी पशुपतिनगर भन्सार कार्यालय इलाममा बुझाइएको छ।

**नं. १ श्रीअन्तु गण इलाम र मातहत युनिटहरुले जेठ महिनामा २१ लाख १९ हजार २ सय ५० रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरी भन्सार दाखिला गरेको छ।**

## नं. २ गण झापा

### सामान बरामद

झापा जिल्लाको कचनकवल गाउँपालिका-६ बनियानीबाट जेठ ७ गते करिब ४८ लाख १९ हजार रुपैयाँबराबरको विभिन्न किसिमका सामान बरामद भएको छ।

सो ठाउँको एक घरमा भन्सार छलीको सामान लुकाई छिपाई राखेको भन्ने विशेष सूचनाको आधारमा नं २ गण झापा र प्रस्तावित सीमा सुरक्षा गुल्म घेराबारीले बरामद गरेको हो। बरामद सामान मेची भन्सार कार्यालय काँकडभिट्टामा बुझाइएको छ।

**नं. २ गण झापा र मातहत युनिटहरुले जेठ महिनामा १ करोड ७२ लाख १९ हजार ५ रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरी भन्सार दाखिला गरेको छ।**

## नं. ३ कंकालिनीमाई गण मोरङ

### काठसहित ट्याक्टर नियन्त्रणमा

रतुवामाई नगरपालिका-६ सौंठा चोकबाट वैशाख १७ गते करीब १ लाख ५० हजार रुपैयाँबराबरको काठसहित ट्याक्टर नियन्त्रणमा लिइएको छ।

को २ त ९०६७ नम्बरको ट्याक्टरमा राखेर दरपिठ नगरी उर्लाबारीबाट आमबारीतर्फ लैजाँदै गरेको १ सय १० क्युफिट टिक र कदमको काठ सुरक्षा बेश सौंठाले नियन्त्रणमा लिएको हो। बरामद काठ तथा ट्याक्टर सव डिभिजन वन कार्यालय मंगलबारे मोरङमा बुझाइएको छ।

**नं. ३ कंकालिनीमाई गण मोरङ र मातहत युनिटहरुले जेठ महिनामा ६२ लाख १९ हजार ७ सय ३० रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरी भन्सार दाखिला गरेको छ।**

## नं. ४ गण सुनसरी

### हुण्डीको १ करोड १ लाख रूपैयाँ बरामद

हरिनगर गाँउपालिका-५ दुर्गा मन्दिरबाट जेठ १९ गते राति हुण्डीको आशंकामा १ करोड १ लाख रुपैयाँ बरामद गरीएको छ।

बीओपी बसन्तपुरको चेकप्वाइन्ट टोलीले घुस्की नाकाबाट हरिनगरतर्फ जाँदै गरेको बा १६ च ७६१३ नम्बरको कारलाई शंका लागि जाँच गर्दा कारभित्र बोरामा लुकाई छिपाई राखेको अवस्थामा रकम बरामद भएको हो। बरामद भएको रकममा १ हजार दरको नोट ९ हजार ७ सय थान (९७ लाख) र ५ सय दरको ८ सय थान (४ लाख) रहेको छ। रकमसँगै कार र चालक सुनसरी जिल्ला हरिनगर गाँउपालिका-५ बस्ने अन्दाजी ३७ वर्षीय युवालाई समेत नियन्त्रणमा लिइएको छ।

प्रारम्भिक सोधपुछमा उनले सो रकमको श्रोत खुलाउन नसकेकपछि रकमसहित नियन्त्रणमा लिइएको हो। उनलाई बरामद रकम र कारसहित आवश्यक अनुसन्धान तथा कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालय इटहरीमा बुझाइएको छ।

**नं. ४ गण सुनसरी र मातहत युनिटहरुले जेठ महिनामा २ करोड २४ लाख २३ हजार ३ सय ३० रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरी भन्सार दाखिला गरेको छ।**

## नं. ५ त्रियुगा गण उदयपुर

### २ सय ८० किलो गाँजा बराद

बेलका नगरपालिका-८ सिसौलिघाटबाट जेठ २० गते बिहान ६:५५ बजे करिब २ सय ८० किलो गाँजा बरामद भएको छ।

सुरक्षा बेश बेलकाले विशेष सूचनाको आधारमा सिसौलीघाटको जंगलमा ६ वटा बोरामा लुकाई छिपाई राखेको अवस्थामा करिब २ सय ८० किलो गाँजा, २ थान ट्युब र सानो ठेला गाडा १ थानसमेत बरामद गरेको हो। गाँजासँगै ट्यूबसमेत फेला परेकोले कोशी नदी हुँदै तस्करी गर्न लागिएको आशंका गरीएको छ। बरामद गाँजा र अन्य सामान आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा बुझाइएको छ।

## नं. ६ गण सप्तरी

### मदिरासहित मोटरसाइकल नियन्त्रणमा

राजगढ गाउँपालिका-२ कमलपुरस्थित सीमा इलाकाबाट जेठ ८ गते २ लाख ५४ हजार रुपैयाँबराबरको मदिरासहितको एउटा मोटरसाइकल नियन्त्रणमा लिइएको छ। बीआर ४३ एच ६६७१ नम्बरको मोटरसाइकलमा ल्याउँदै गरेको मदिरा र मोटरसाइकल बीओपी बनैनियाबाट खटिएको सुरक्षा फौजले नियन्त्रणमा लिएको हो। नियन्त्रणमा लिइएको मदिरा र मोटरसाइकल राजविराज भन्सार कार्यालयमा बुझाइएको छ।

**नं. ६ गण सप्तरी र मातहत युनिटहरुले जेठ महिनामा २६ लाख ६६ हजार ७ सय २७ रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरी भन्सार दाखिला गरेको छ।**

## नं. ७ गण सिरहा

### चार जना किशोर किशोरी उद्धार

सिरहाको कर्जन्जहाबाट भागेर भारततर्फ जाँदै गरेका दुई किशोर र दुई किशोरीलाई जेठ ४ गते धनुषा जिल्लाको जनकपुर उपमहानगरपालिका-१ स्थित सीमा इलाकाबाट उद्धार गरीएको छ।

नेपालबाट भारतको जयनगरतर्फ जाने योजनाकासाथ यात्रुवाहक बसमा चढी आएका उनीहरुलाई शंकास्पद अवस्थामा रेल्वे सुरक्षा बेश जनकपुरधाम र माइती नेपालको टोलीले उद्धार गरेको हो।

**नं. ७ गण सिरहा र मातहत युनिटहरुले जेठ महिनामा ४४ लाख १८ हजार ३ सय ८४ रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरी भन्सार दाखिला गरेको छ।**

## नं. ८ गण धनुषा

### लत्ताकपडा बरामद

विदेह नगरपालिका-९ स्थित इटहर्वाबाट जेठ २ गते करिब १३ लाख ७३ हजार रुपैयाँबराबरको लत्ताकपडा बरामद भएको छ। भारतबाट अबैध रुपले नेपालतर्फ ल्याउँदै गरेको लत्ताकपडा बीओपी धनौजीले बरामद गरेको हो।

यसैगरी बीओपी खजुरीले जेठ १ गते करिब २ लाख ३९ हजार रुपैयाँबराबरको लत्ताकपडा बरामद गरेको छ। बरामद लत्ताकपडा जनकपुर भन्सार कार्यालयमा बुझाइएको छ।

**नं. ८ गण धनुषा र मातहत युनिटहरुले जेठ महिनामा ९६ लाख ४९ हजार ६५ रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरी भन्सार दाखिला गरेको छ।**

## नं. ९ गण महोत्तरी

### लागूऔषधसहित १ जना व्यक्ति नियन्त्रण

सम्सी गाउँपालिका-४ स्थित गैडाभेटपुरस्थित सीमा इलाकाबाट जेठ १९ गते लागूऔषधसहित एक जनालाई नियन्त्रण लिइएको छ। आलुको बोरामा लुकाई छिपाई भारतबाट नेपालतर्फ ल्याउँदै गरेको अवस्थामा धनुषा जिल्लाको मिथिला नगरपालिका-८ महेन्द्रनगर बस्ने २० वर्षीय पुरुषलाई बीओपी सम्सीले नियन्त्रणमा लिएको हो।

उनलाई शंका लागि जाँच गर्दा आलुको बोराभित्र Triprolodin Hydrocloride Exiplon ५० बोतल, Diclofenace Sodium Dicylomine Capsules ८ वटा फेला परेपछि नियन्त्रणमा लिइएको हो। नियन्त्रणमा लिइएकालाई बरामद लागूऔषध र मोटरसाइकलसहित आवश्यक कारबाहीका लागि प्रहरी चौकी सम्सीमा बुझाइएको छ।

**नं. ९ गण महोत्तरी र मातहत युनिटहरुले जेठ महिनामा ८० लाख ८९ हजार ७ सय ४० रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरी भन्सार दाखिला गरेको छ।**

## नं. ११ गण रौतहट

### सामान र मोटरसाइकलसहित नियन्त्रणमा

बौधिमाई नगरपालिका-७ बंकुल र परोहा नगरपालिका-८ बसिर चोकबाट जेठ १ गते ९ लाख ४५ हजार १ सय ३२ रुपैयाँबराबरको विभिन्न सामान र मोटरसाइकलसहित एक जनालाई नियन्त्रणमा लिइएको छ।

मोटरसाइकलमा अवैध रुपमा भन्सार छली भारतबाट नेपालतर्फ ल्याउदै गरेको लत्ताकपडा, किराना सामान, फेन्सी सामान र धानको बिउबिजनसहित भारतको पूर्वी चम्पारण घोडासाहन उत्तरी ग्रामपञ्चायत-११ बस्ने वर्ष ३४ वर्षीय युवालाई नं. ११ गण रौतहट र मातहत युनिटले नियन्त्रणमा लिएको हो। नियन्त्रणमा लिइएकालाई बरामद सामान र मोटरसाइकलसहित गौर भन्सार कार्यालय रौतहटमा बुझाइएको छ।

**नं. ११ गण रौतहट र मातहत युनिटहरुले जेठ महिनामा ७१ लाख ४ हजार ३ सय ९० रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरी भन्सार दाखिला गरेको छ।**

## नं. १२ गण बारा

### सामान बरामद

विश्रामपुर गाउँपालिका-३ खुदिया टोला सीमा इलाकाबाट जेठ १५ गते १ लाख ८३ हजार रुपैयाँबराबरको विभिन्न सामान बरामद भएको छ।

३ वटा साइकलमा राखेर अवैध रुपले भन्सार छली भारतबाट नेपालतर्फ ल्याउँदै गरेको तयारी कपडा र किराना सामान बीओपी बरैनियाले बरामद गरेको हो। बरामद सामान तथा साइकल सम्बन्धित निकायमा बुझाइएको छ।

**नं. १२ गण बारा र मातहत युनिटहरुले जेठ महिनामा २२ लाख १० हजार ९ सय ३३ रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरी भन्सार दाखिला गरेको छ।**

## नं. १३ गण पर्सा

### ४४ लाख बढिको अवैध सामान बरामद

पर्सास्थित बिरगंज महानगरपालिका-१९ बर्वा लगायत बिरगंजको विभिन्न ठाउँबाट जेठ २९ गते राति ४४ लाख बढिको अवैध सामान नियन्त्रणमा लिइएको छ। प्रस्तावित सीमा सुरक्षा गुल्म बिरगंजबाट खटिएको सुरक्षा फौजले बिरगंज भन्सार कार्यालयका कर्मचारी समेतको उपस्थितीमा अवैध रुपले राखिएको गोदाममा छापा मारेर सौन्दर्य क्रिम, मुङ दाल, मोटरपार्ट्स तथा अन्य अवैध सामान बरामद गरेको हो।

बरामद सामानमा १४ लाख ५९ हजार २ सय रुपैयाँ बराबरको लेक्मी ब्राण्डको क्रिम १४ हजार ५ सय ९२ पिस, सोही ब्राण्डको ८ लाख ६ हजार ४ सय रुपैयाँ बराबरको १६ हजार १ सय २८ पिस क्रिम रहेको छ।

यसैगरी सोही गुल्मले बिरगंज महानगरपालिका-१० र अर्को एक ठाउँबाट गरी ६ लाख रुपैयाँ बराबर को ३ हजार किलो दाल र ११ लाख रुपैयाँ बराबरको मोटरपार्ट्स, १० लाख ७५ हजार मुल्य बराबरको किराना सामान समेत बरामद गरेको छ। बरामद सामान जेठ ३० गते आवश्यक अनुसन्धान तथा कारवाहीको लागि विर गंज भन्सार कार्यालय पर्सामा बुझाईएको छ।

**नं. १३ गण पर्सा र मातहत युनिटहरुले जेठ महिनामा ३ करोड ८० लाख १६ हजार ५ सय ५८ रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरी भन्सार दाखिला गरेको छ।**

## नं. २६ गण पश्चिम नवलपरासी

### चामल बरामद

पाल्हिनन्दन गाउँपालिका-५ गेरमास्थित एक घरबाट जेठ ५ गते करिब २ लाख ४ हजार रुपैयाँबराबरको १ सय १३ बोरा चामल बरामद भएको छ।

सोही ठाउँको एक सप्लायर्सको गोदाममा अबैध रुपमा संकलन गरी राखेको अवस्थामा ५ हजार ६ सय ५० किलो चामल नं. २६ गण पश्चिम नवलपरासी, प्रस्तावित सीमा सुरक्षा गुल्म हरपुर र महेशपुर भन्सार कार्यायको संयुक्त टोलीले बरामद गरेको हो। बरामद चामल महेशपुर भन्सार कार्यालयमा बुझाइएको छ।

**नं. २६ गण पश्चिम नवलपरासी र मातहत युनिटहरुले जेठ महिनामा ३१ लाख ८१ हजार ७ सय ७ रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरी भन्सार दाखिला गरेको छ।**

## नं. २७ गण रूपन्देही

### सामानसहित मोटरसाइकल नियन्त्रणमा

सिद्धार्थनगर नगरपालिका-११ भुजौलीस्थित सीमा इलाकाबाट जेठ ६ गते करिब ५ लाख ५९ हजार रुपैयाँको विभिन्न किसिमका सामानहरुसहित मोटरसाइकल नियन्त्रणमा लिइएको छ।

भारतबाट ५ वटा मोटरसाइकलमा राखेर नेपालतर्फ ल्याउँदै गरेको ५ सय ७० किलो प्याज, १ हजार ५० किलो चिनी र किराना सामान नं. २७ गण रुपन्देहीले नियन्त्रणमा लिएको हो। नियन्त्रणमा लिइएको सामान तथा मोटरसाइकल भैरहवा भन्सार कार्यालय बेलहिया रुपन्देहीमा बुझाइएको छ।

### सामान बरामद

सिद्धार्थनगर नगरपालिका-१ स्थित डण्डा इलाकाबाट करिब २ लाख ९ हजार रुपैयाँबराबरको किराना सामान र लत्ताकपडा जेठ ९ गते बरामद भएको छ।

भारतबाट भन्सार छलेर नेपालतर्फ ल्याउँदै गरेको उल्लेखित मूल्यको सामान प्रस्तावित सीमा सुरक्षा गुल्म डण्डाको सुरक्षा फौजले बरामद गरेको हो। बरामद सामान भन्सार कार्यालय बेलहियामा बुझाइएको छ।

**नं. २७ गण रुपन्देही र मातहत युनिटहरुले जेठ महिनामा १ करोड ३० लाख २८ हजार ९ सय ७ रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरी भन्सार दाखिला गरेको छ।**

## नं. २८ गण कपिलवस्तु

### ल्यापटपको सामान बरामद

कृष्णनगर नगरपालिका-२ लिङ्गेटस्थित सीमा इलाकाबाट जेठ ६ गते करिब ४ लाख २९ हजार रुपैयाँबराबरको ल्यापटपको हार्ड डिक्स र ल्यापटपको पंखा बरामद भएको छ।

भारतबाट भन्सार छलेर नेपालतर्फ ल्याउँदै गरेको २ वटा ल्यापटप पंखा र हार्ड डिक्स प्रस्तावित सीमा सुरक्षा गुल्म कृष्णनगरले बरामद गरेको हो। बरामद सामान कृष्णनगर भन्सार कार्यालय बुझाइएको छ।

**नं. २८ गण कपिलवस्तु र मातहत युनिटहरुले जेठ महिनामा ३५ लाख ५९ हजार ६ सय ७० रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरी भन्सार दाखिला गरेको छ।**

## नं. २९ ज्वालामाई गण दाङ

### लत्ताकपडा बरामद

गढवा गाउँपालिका-१ स्थित कालाकाटेबाट जेठ १ गते १ लाख ९३ हजार रुपैयाँबराबरको लत्ताकपडा बरामद भएको छ।

काठमाडौंबाट तुलसीपुर दाङतर्फ जाँदै गरेको यात्रुवाहक बसमा लैजाँदै गरेको लत्ताकपडाको बिलबिजक फेला नपरेपछि नं. २९ गण दाङले बरामद गरेको हो। बरामद लत्ताकपडा आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा बुझाइएको छ।

**नं. २९ ज्वालामाई गण दाङ र मातहत युनिटहरुले जेठ महिनामा ६ लाख १५ हजार ५ सय ३१ रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरी भन्सार दाखिला गरेको छ।**

## नं. ३० बागेश्वरी गण बाँके

### लेडिज सुज बरामद

नेपालगञ्ज उपमहानगरपालिका-१५ स्थित शर्मागल्ली इलाकाबाट जेठ ४ गते करिब १ लाख ६४ हजार रुपैयाँबराबरको लेडिज जुत्ता बरामद भएको छ।

भारतबाट दुई वटा साइकलमा राखेर नेपालतर्फ ल्याउँदै गरेको १ सय ४४ पिस लेडिज जुत्ता बीओपी जयसपुरले बरामद गरेको हो। बरामद जुत्ता तथा साइकल नेपालगञ्ज भन्सार कार्यालय जमुनाह बाँकेमा बुझाइएको छ।

### सामानसहित मोटरसाइकल तथा साइकल नियन्त्रणमा

प्रस्तावित सीमा सुरक्षा गुल्म जमुनाह बाँकेले जेठ ४ गते बाँके जिल्लाको जानकी गाउँपालिका-१ पञ्चपोखरा इलाकाबाट करिब ९ लाख ६३ हजार रुपैयाँको मोबाइलको पार्ट्स, पशुको भिटामिन, मोटरसाइकल र साइकल नियन्त्रणमा लिएको छ।

यूपी ३१ बीएन ६७०९ नम्बरको मोटरसाइकल र २ वटा साइकलमा राखेर भारतबाट नेपालतर्फ ल्याउँदै गरेको उल्लेखित सामान नियन्त्रणमा लिइएको हो। नियन्त्रणमा लिइएको सामान तथा मोटरसाइकल र साइकल नेपालगञ्ज भन्सार कार्यालय जमुनाह बाँकेमा बुझाइएको छ।

**नं. ३० बागेश्वरी गण बाँके र मातहत युनिटहरुले जेठ महिनामा १ करोड २२ लाख ९५ हजार ६९ रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरी भन्सार दाखिला गरेको छ।**

## नं. ३१ गण बर्दिया

### हुक्कामा प्रयोग हुने कोइला बरामद

मधुवन नगरपालिकाको भगरैया सीमा इलाकाबाट जेठ ४ गते करिब १ लाख ९२ हजार रुपैयाँबराबरको हुक्कामा प्रयोग हुने कोइला बरामद भएको छ।

भारतबाट अबैध रुपले ल्याई सीमा इलाकानजिकै रहेको एक स्थानीयको टहरामा लुकाई छिपाई राखेको अवस्थामा बीओपी भगरैया बर्दियाले कोइला बरामद गरेको हो। बरामद कोइला आवश्यक कारबाहीका लागि छोटी भन्सार कार्यालय गुलरिया बर्दियामा बुझाइएको छ।

### सालको काठ, घोडा, टाँगा र साइकल नियन्त्रणमा

मधुवन नगरपालिका-७ स्थित गंगाबस्ती इलाकाबाट जेठ ४ गते करिब ३ लाख २३ हजार रुपैयाँबराबरको सालको गोलिया काठ, घोडा, टाँका र साइकल नियन्त्रणमा लिइएको छ।

भारतको जंगलबाट अबैध रुपले नेपालतर्फ ल्याई टाँगामा लोड गर्दै गरेको अवस्थामा बीओपी धर्मबस्ती बर्दियाले ६ वटा सालको गोलिया काठ, १ वटा घोडा, १ वटा टाँगा र १ वटा साइकलसमेत नियन्त्रणमा लिएको हो। नियन्त्रणमा लिइएको घोडासहितको सामान आवश्यक कारबाहीका लागि सव-डिभिजन बन कार्यालय सानोश्री बर्दियामा बुझाइएको छ।

**नं. ३१ गण बर्दिया र मातहत युनिटहरुले जेठ महिनामा ३७ लाख ७० हजार ९ सय ८४ रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरी भन्सार दाखिला गरेको छ।**

# नेपालको परराष्ट्र नीति र सशस्त्र प्रहरी बल, नेपालको भूमिका



सचिन कर्माचार्य
सशस्त्र प्रहरी नायव उपरीक्षक

'एपिएफको सिपाही हिमाल जस्तै हासेर डियुटी गर्नु, रुनु परे म रुन्छु।' सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले २०८० पौष २३ गते कर्णाली प्रदेशको हुम्ला स्थिति गुल्मको निरीक्षण भ्रमणको क्रममा राख्नु भएको भनाई हो । उक्त भनाईमा नेपालको पहिचान भनेको बुद्ध, विश्वकै उच्च शिखर सगरमाथा, शान्तिका लागि खटिएका र देशको सीमानाको सुरक्षाको लागि खटिएको सशस्त्र प्रहरीलाई समेत स्पष्ट रुपमा चित्रण गरीएको छ ।

नेपाल दक्षिण एशियामा नै सबैभन्दा पुरानो एवं स्वतन्त्र मुलुक हो । नेपालको नाम पहिलो पटक अथर्ववेदको परिशिष्टमा उल्लेख गरीएको छ। महात्मयको स्कन्द पुराणमा नेपाल धर्मावलम्वीहरुको देश रहेको कुरा उल्लेख भएको छ । त्यसैगरी स्वयम्भू पुरान, मञ्जुश्री कल्प, मूलसर्वास्तिवाद र विनयसंग्रह, महाभारतको वनपर्व, कौटिल्यको अर्थशास्त्रमा समेत नेपालको बारेमा वर्णन गरीएको छ । आधुनिक नेपालको एकिकरणसँगै श्री ५ पृथ्वीनारायण शाहको पालामा तत्कालिन तिब्बत र चीनसँगको वैदेशिक सम्वन्ध संचालनका लागि स्थापित जैसी कोठा, काजी भीमसेन थापाका पालादेखि मुन्सीखाना हुदै २००८ सालदेखि परराष्ट्र मन्त्रालयको स्थापना भई विदेश नीतिको संचालन हुदै आएको छ। प्राचिनकालमा राज्य, समाज र सरकार वर्गमा विभाजन हुनु अघि झुन्ड-झुन्डमा वसोवास गर्ने आदिम समुदायका बीचमा एक झुन्डले अर्को झुन्डमा सम्वन्ध राख्न र झगडा मिलाउन प्रतिनीधि पठाउने गर्दथे । स्थायी रुपमा राजदूत पठाउने कार्यको सुरुवात १४औं शताव्दीमा ईटाली गणराज्य भेनिसमा भएको हो। सन् १६४८ को "वेस्टफेलिया सन्धि"ले राजदूत पठाउने कार्यलाई प्रोत्साहन गरेको थियो । सन् १८१५ को "भियना महासन्धि" पछि कूटनीतिक सम्वन्धबारे महत्वपूर्ण महासन्धिका रुपमा "भियना महासन्धि १९६१" रहेको छ। यस महासन्धिले कूटनीतिक सम्बन्धको थालनी तथा प्रतिनिधिका नियुक्ति, कूटनीतिक प्रतिनिधिको वर्गीकरण, कार्य र उन्मुक्ति जस्ता विषयलाई समेटेको छ।

परराष्ट्र नीतिले मुलुकको आफ्नो राष्ट्रिय हितका खातिर बाह्य जगतमा प्रभाव विस्तार एवं प्रवर्द्धन गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। परराष्ट्र नीति "स्थायी र परिवर्तनशील" हुन्छन् र जुन अनन्तकालसम्म रहन्छ। राष्ट्र र जनताको सुख एवं समृद्धिलाई सर्वोत्तम हितमा राखि परराष्ट्र नीति संचालन गरीने हुँदा यसको कुनै पनि समय र सीमा हुदैन। शीर्ष कूटनीतिज्ञ प्राध्यापक यदुनाथ खनालका अनुसार नेपालले आफ्नो परराष्ट्र नीतिको अवलम्बन आन्तरिक राष्ट्रिय सुरक्षालाई केन्द्रमा राखेर गरीनु पर्ने कुरा उल्लेख गर्नु भएको छ। त्यसैगरी कूटनीति क्षेत्रमा अनुभवी व्यक्तित्व प्राध्यापक जयराज आचार्यका अनुसार नेपालको परराष्ट्र नीतिको एउटै लक्ष्य रहेको छ जसमा राष्ट्रिय संरक्षण तथा सम्वर्द्धन प्रमुख रहेको कुरालाई जोड दिनु भएको पाइन्छ । नेपालले सबैभन्दा पहिला सन् १८१६ मा बेलायतसँग र हालै मात्र टोंगासँग गरी १८२ वटा देशसंग कूटनीति सम्वन्ध स्थापना गरेको छ। नेपालको परराष्ट्र नीतिलाई कार्यान्वयन गर्न ३० वटा राजदूतावास, ३ वटा स्थायी नियोग र ७ वटा कन्सुलेट जनरल गरी जम्मा ४० वटा कूटनीतिक नियोगहरु संचालनमा रहेका छन्।

नेपालको विभिन्न कालखण्डमा फरक फरक तरिका र शैलीले परराष्ट्र नीति सञ्चालन गरीदै आएको पाइन्छ । नेपालको परराष्ट्र नीतिको प्रमुख आधारहरु राष्ट्रिय हित, स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता र जनताको सर्वोच्च हित रहेको छ। हिन्दु तथा बौद्ध सभ्यताले नेपालको परराष्ट्र नीतिलाई महत्वपूर्ण प्रभाव पारेको छ । पौराणिककाल देखि अपनत्व ग्रहण गर्दै आएको "बशुधैव कुटुम्बकम्" वा विश्व एक परिवार हो भन्ने अवधारणाले मार्गनिर्देश गरेको छ। राष्ट्रनिर्माता श्री ५ पृथ्वी नारायण शाहले परराष्ट्र नीति निर्माणको पहिलो मानक भूगोललाई मानेका छन् । त्यसैले अरु चिज परिवर्तन गर्न सकिन्छ तर भूगोललाई परिवर्तन गर्न सकिदैन भन्ने मान्यतामा आधारित रहि "नेपाल दुई ढुङ्गा बिचको तरुल हो" भनेका थिए । प्रा.जयराज आचार्यका अनुसार श्री ५ पृथ्वी नारायण शाहले राष्ट्र एकिकरण, कूटनीति र राजनीति, सेना, आक्रामक तथा प्रतिरक्षात्मक लडाई र आर्थिक नीति सहित पाँच वटा प्रमुख तत्वहरुलाई परराष्ट्र नीतिको रुपमा अवलम्वन गरेको कुरा उल्लेख गर्नु भएको छ।

सन् १८४६ देखि तत्कालीन प्रधानमन्त्री जंग बहादुर राणाले सत्ताको बागडोर सम्हाले पश्चात बेलायत साम्राज्य केन्द्रित परराष्ट्र नीति अवलम्वन गर्दै आफ्नो राज्यलाई हस्तक्षेप हुनुबाट जोगाएको थियो । राणा शासनकालिन अवस्थामा आफ्नो शासनलाई अक्षुण र चिरस्थायी बनाउनको लागि अंग्रेजहरुलाई खुशी पार्ने उद्देश्यले नेपालको परराष्ट्र नीतिलाई "आइसोलेसन" मा राखेका थिए।

सन् १९५१ सालमा नेपालको राणा शासनको अन्त्य र प्रजातन्त्रको उदय सँगै परराष्ट्र नीतिले समेत नयाँ मोड लिएको पाइन्छ। श्री ५ त्रिभुवन विर विक्रम शाहको शासनकालमा निजको विशेष सचिवको रुपमा भारतको उत्तर प्रदेशका गृह सचिव गोविन्द नारायणलाई नियुक्ति गरीएको थियो। श्री ५ महेन्द्र विर विक्रम शाहको पालामा परराष्ट्र नीतिले थप उचाई हासिल गर्दै अन्तर्राष्ट्रिय रुपमा नेपालको सम्वन्ध थप विस्तार हुन पुगेको थियो । सन् १९५५ मा नेपालले संयुक्त राष्ट्र संघको सदस्यता प्राप्त गर्नुको साथै नेपाल र चीनको विचमा दौत्य सम्वन्ध र बानडुङ सम्मेलनले असंलग्न नीतिलाई अङ्गिकार गरेको थियो । त्यसैगरी नेपालको प्रथम प्रजातान्त्रिक तत्कालीन प्रधानमन्त्री बि.पी.कोइरालाले समेत नेपालको परराष्ट्र नीतिलाई उचाईमा पुऱ्याउनको लागि भारत र चीन दुवै देशसंग सन्तुलन कायम राखि राष्ट्रिय स्वार्थलाई पूर्ति गरेको थियो । सन् १९७५ मा श्री ५ वीरेन्द्र वीर विक्रम शाहले नेपाललाई सुरक्षा, स्वतन्त्रता र विकासको लागि शान्ति आवश्यक पर्ने भएको हुदा "शान्ति क्षेत्र" घोषणा गरियोस् भन्ने प्रस्ताव राखेका थिए । उक्त प्रस्तावमा विश्वका ११६ वटा मुलुकले खुशी साथ समर्थन गरेका थिए । २०७७ सालमा नेपालले पहिलो पटक परराष्ट्र नीति सार्वजनिक गरेको थियो । उक्त नीतिले वैदेशिक सहायताबारे एकिकृत राष्ट्रिय दृष्टिकोण बनाउन, अन्तर्राष्ट्रिय विकास सहायता स्वीकार्ने र परिचालन गर्ने अन्तर्राष्ट्रिय सीमा सुरक्षा आदि परराष्ट्र नीतिका चुनौती पहिचान गरीएको छ। परराष्ट्र नीति १४ वटा मार्गदर्शक सिद्धान्त र सबैसँग मित्रता कायम रहेको र कसैसँग शत्रुता नभएको भन्ने वाक्यलाई परराष्ट्र सम्वन्धको मूल मन्त्र बनाएको छ।

सन् १८४८ को "वेस्टफालियन सिस्टम" ले प्रतिपादन गरेको सिद्धान्त अनुसार राज्यको बाह्य सीमा र आन्तरिक मामिलामा अर्को राज्यले हस्तक्षेप नगर्ने मान्यता रहेको हुन्छ। यसैको धरातलमा उभिदै नेपालको सीमा सुरक्षा गर्ने जिम्मेवारी देशको ऐन कानुनले सशस्त्र प्रहरी बल, नेपाललाई मात्रै प्रदान गरेको छ । नेपाल सरकार मन्त्रिपरिषद्को २०६१ साउन ११ गतेको प्रमुख भन्सार नाकाहरुमा परिचालन गर्ने निर्णयानुसार २०६१ मंसिर १ गते देखि परिचालन भएको थियो। हाल भारत तर्फ दुई सय ४४ वटा र चीन तर्फ १० गरी बोर्डर आउट पोष्टको संख्या दुई सय ५४ वटा पुगेको छ। सशस्त्र प्रहरी बल, नेपालको महानिरीक्षक र भारत तर्फको सशस्त्र सीमा वलको महानिर्देशक विच वि.सं.२०६९ साल देखि समन्वयात्मक बैठक संचालन हुदै आएको छ र हाल सम्म ७ वटा बैठकहरु नेपाल र भारत तर्फ सम्पन्न भइसकेका छन्। त्यसैगरी फिल्ड स्तरमा समेत बाहिनी, गण तथा बिओपीहरुमा समेत नियमित रुपमा समन्वय बैठक आयोजना हुदै आएको छ। यस प्रकारका बैठकहरुले सीमावर्ती अपराधको रोकथाम तथा नियन्त्रण, दशगजा क्षेत्रको सुरक्षा व्यवस्थामा कडाई, सूचना आदानप्रदान तथा देश विचको सम्वन्धलाई सुमधुर बनाउन समेत महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।

संगठनमा आफ्नै पदावधि घटाउन लागि परेका त्यागी एवं ईमान्दार सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको भनाईमा सिमानाका हरेक सिपाही नेपालको झण्डा हुन् र संगठनको आईजी हुन् भन्ने भनाईबाट पनि सीमानाको सुरक्षामा सशस्त्र प्रहरी बल, नेपालको भूमिका अत्यन्तै महत्वपूर्ण रहेको र संगठनले "बोर्डर डिप्लोमेसी" लाई महत्वपूर्ण संयन्त्रको रुपमा अङ्गिकार गर्दै अगाडी बढिरहेको कुरा स्पष्ट चित्रण गरेको छ। साथै संगठनले गरेको यस प्रयासलाई थप प्रभावकारी बनाउन नेपाल सरकारले भारत तथा चीन तर्फ सशस्त्र प्रहरी बल, नेपालको अधिकृतलाई सहचारीको रुपमा खटाउनेतर्फ ध्यान पुऱ्याउनु आवश्यक रहेको छ। साथै संगठनले पनि विभिन्न कूटनीतिक नियोग एवं संघसस्थाहरु संग समन्वय गर्नको लागि सशस्त्र प्रहरी अधिकृत खटाई सहकार्यलाई थप प्रभावकारी बनाउनु आवश्यक रहेको छ।

२०७२ सालको विनाशकारी भूकम्पमा सशस्त्र प्रहरी बल, नेपालले एकल रुपमा ३४५ जना र संयुक्त रुपमा ६३७ जनालाई सकुशल उद्धार गरेको थियो। सशस्त्र प्रहरी बल, नेपाललाई समेत उद्धार कार्यमा उर्जा प्रदान गर्न विभिन्न मुलुकहरु जस्तै भारत, चीन, बंगलादेश, अमेरिका, जापान, मलेसिया, क्यानडा र दुबई आदी मुलुकहरुबाट सहयोगहरु प्राप्त भएको थियो । त्यसै गरी उद्धारको क्रममा अमेरिका, भारत र चीन आदी देशबाट आएका उद्धारकहरु संग समेत संयुक्त रुपमा परिचालन भएको थियो । यसर्थ संगठनले राष्ट्र र जनताको सेवा तथा उद्धार कार्यमा अग्रणी स्थानमा रहन "डिज्यास्टर डिप्लोमेसी" लाई समेत अङ्गिकार गरी कर्तव्यपथमा निरन्तर लागि रहेको छ। यस पुनित कार्यमा थप प्रभावकारी रुपमा परिचालन हुनको लागि दक्ष जनशक्तिको उत्पादन र आधुनिक उद्धार सामाग्री तथा उपकरणहरुबाट सु-सज्जित बनाउनु आवश्यक रहेको छ।

सन् २००२ बाट विश्व शान्ति स्थापनार्थ सशस्त्र प्रहरी बल, नेपालका राष्ट्र सेवकहरु ईराक, कोसोभो, लाइवेरिया, सियरालियोन, हाइटी, सुडान, डार्फर, सोमालिया, ईस्ट टिमोर र साइप्रस आदी लगायतका देशहरुमा विभिन्न जिम्मेवारीमा रहि महत्वपूर्ण योगदान पुऱ्याउदै आएका छन्। सन् २०२३ सम्म ८ हजार ७ सय ७९ जना सशस्त्र प्रहरी कर्मचारीहरुले संयुक्त राष्ट्रसंघको छाता मुनि रहि शान्ति स्थापनार्थ परिचालन भइसकेका छन् भने २ जना राष्ट्रसेवकहरुले परिचालनको क्रममा सहादत प्राप्त गरेका छन् । अतः नेपालले सशस्त्र प्रहरी बल नेपाललाई "पिस डिप्लोमेसी" अपनाई परराष्ट्र कूटनीतिलाई थप सबल बनाउनु पर्ने आवश्यकता रहेको छ।

"कर्मणा मनसा वापि वापि परंतप, यन मे कृतं बराहमणेषु तेनाद्य न तपाम्य अहम्" अर्थात विचार, वचन र कर्ममा जे गरीन्छ सत्आचरण र सद्व्यवहारका साथ गर्दै राष्ट्र अनि संगठनलाई सधै शिरोपर गरी प्राप्त जिम्मेवारीहरुलाई कुशलतापूर्वक सम्पन्न गर्नु पर्दछ। साथै कूटनीति सम्वन्धि विषयलाई विशेष प्राथमिकतामा राखि आधारभूत तथा उन्नत तालिममा समावेश गराई प्रशिक्षणको व्यवस्था मिलाउनु आवश्यक रहेको छ। नेपाल सरकारले समेत परराष्ट्र नीति कार्यान्वयन गर्ने निकायको रुपमा सशस्त्र प्रहरी बल, नेपाललाई एक अभिन्न अङ्गको रुपमा लिई "पिस डिप्लोमेसी", "बोर्डर डिप्लोमेसी" र "डिज्यास्टर डिप्लोमेसी" मार्फत नेपालको राष्ट्रिय हित प्राप्ति तर्फ ध्यान दिनु आवश्यक रहेको छ ।

## Heat Stroke अर्थात "लु"

### "लु" लाग्नु भनेको के हो ?

गर्मीको मौसममा चल्ने तातो हावालाई "लु"भनिन्छ। शरिरको तापक्रम (Core Body Temperature) गर्मीको मौसममा ४०.५० डिग्री सेल्सियस (१०५ डिग्री फरेनहाईट) भन्दा माथि भई स्वास्थ्यमा पर्न जाने समस्यालाई Heat Stroke अर्थात "लु" लाग्नु भनिन्छ । यसले स्नायु प्रणालीमा असर (Central Nervous System dysfunction) गर्दछ। "लु" बाट ज्यानै जान सक्ने भएकोले यसको यथाशिघ्र पहिचान गरी उपचार गर्नु पर्दछ।

### "लु" दुई प्रकारको हुन्छ

**क) Classic (Non exertional) Heat Stroke**

दिर्घकालिन रोगहरु जस्तैमुटुको रोग, नशाको रोग, मोटो मानिस, बृद्ध बृद्धाहरु, रक्सी सेवन गर्ने बिभिन्न औषधि(मुटुको) सेवन गर्ने आदि मानिसलाई हुन सक्छ।

**ख) Exertional Heat Stroke**

प्राय वयस्क मानिसलाई, गर्मीको समयमा कडा परिश्रम गर्ने, खेलाडी आदिलाई हुने गर्दछ । स्वास्थ्य अवस्थामा शरिरको तापक्रम ३७ डिग्री सेलसियसको आसपासमा रहन्छ । जाडो होस् वा गर्मी यसमा खासै परिवर्तन आउदैन । जाडोको समयमा शरर कम्पन गराएर र गर्मीको समयमा शरिरबाट पसिना निकालेर शरीरको तापक्रमलाई सामान्य रुपमा राख्न मद्दत गरी राखेको हुन्छ। गर्मीको समयमा शरीरलाई उचित तापक्रम राख्न पसिना निस्कने गर्दछ। यदि कुनै कारणले शरीरमा पानी कम भई वा तापक्रम नियन्त्रण गर्ने प्रणालीले काम गर्न नसकेमा शरिरको तापक्रम १०५ डिग्री भन्दा बढि भएमा त्यस्तो अवस्थामा शरीरको तापक्रमको सन्तुलन बिग्री पसिना आउन बन्द हुन्छ र मानिस बेहोस समेत हुने गर्दछ। यसैलाई हामी "लु" लागेको भन्दछौ।

**लक्षणहरु :-**

१. पसिना नआउनु, छाला ओठ सुख्खा हुनु।
२. शरिरको तापक्रम १०५ डिग्री भन्दा माथि हुनु।
३. तिर्खा लाग्नु, पिसाव नहुनु।
४. मुटुको धड्कन बढ्नु।
५. टाउको दुख्नु, बान्ता हुनु, छट्पटाउनु ।
६. बेहोस हुनु।

**लु लागेको व्यक्तिलाई गर्नुपर्ने कुराहरु :-**

१. सितल छाहारीमा राख्ने।
२. लुगा फुकालेर शरिरलाई पंखाले हम्केर सितल बनाउने।
३. चिसो पानीको पट्टि वा भिजेको रुमाल शरिरमा लगाउने।
४. बिमारीको होस भएमा चिसो पेय पदार्थ दिने।
५. लगातार शरिरको तापक्रम नाप्ने।
६. बेहोस भएमा तुरुन्त अस्पताल लैजाने।

**रोकथाम :-**

१. गर्मीको समयमा प्रसस्त पानी पिउने।
२. पातला र खुकुला लुगा लगाउने।
३. घाममा कठिन परिश्रम नगर्ने।
४. मादक पदार्थ सेवन नगर्ने।

**श्रोत : नेपाल एपीएफ अस्पताल**

## हार्दिक श्रद्धाञ्जलि

जन्म
२०५६।११।२६



स्वर्गारोहण
२०८१।०२।२८

नं. ३६ गण डोटी दरबन्दी भई आश्रित गुल्म बझाङ्गमा कार्यरत सशस्त्र प्रहरी जवान नरेन्द्रबहादुर धामीको कर्तव्यपालनाको सिलसिलामा असामयिक निधन भएकोले उहाँको दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी सशस्त्र प्रहरी बल, नेपालका सकल दर्जाको तर्फबाट हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौं ।

**सशस्त्र प्रहरी बल, नेपाल**

जन्म
२०५०।०२।०८



स्वर्गारोहण
२०८१।०२।२४

**सशस्त्र प्रहरी परिचर स्व. सन्दिप बुढाथोकी**


नं. १९ बगलामुखी विशेष कार्यदल गण काठमाडौं दरबन्दी भई नेपाल एपीएफ अस्पताल बलम्बु काठमाडौंमा कार्यरत सशस्त्र प्रहरी परिचर सन्दिप बुढाथोकीको कर्तव्यपालनाको सिलसिलामा असामयिक निधन भएकोले उहाँको दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी सशस्त्र प्रहरी बल, नेपालका सकल दर्जाको तर्फबाट हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौं ।

**सशस्त्र प्रहरी बल, नेपाल**

**पाक्षिक रेडियो तथा टेलिभिजन कार्यक्रम समर्पण राष्ट्रका लागि हरेक महिनाको पहिलो र तेश्रो आइतबार रेडियो नेपालबाट १९:४० बजे, हरेक महिनाको पहिलो र तेश्रो बिहीबार १७:२५ बजे नेपाल टेलिभिजनका साथै Website: www.apf.gov.np मा सुन्न र हेर्न सकिनेछ । रेडियो कार्यक्रम संगठनको फेसबुक पेज Armed Police Force, Nepal मा समेत सुन्न सकिने छ ।**

# लेख/रचना

## म सिपाही



इन्द्र लम्साल
पन्चपुरी, सुर्खेत

सजिलो नहुने रहेछ
बन्दुक सिरानी राखेर
प्रेमको सपना देख्न
ब्यारेकको चौकोसमा बसेर
छोराको कर्तव्य निभाउन
तर असम्भव पक्कै छैन
बारुदको वयस्क
बादलभित्रै जन्मिने रहेछ
प्रेमको अनौठो आवरण

बन्दुक बोकेरै भएपनि
चाहना रोकेरै भएपनि
मनभित्र फैलिने रहेछ
देश प्रेम !

ढिलो भएकै हो,
साथीले समुन्द्री तटमा बिदा मनाएको तस्विरमा
लाइक गर्न नमिलेकै हो,
नबिर्सिए पनि, छोरालाई हेप्पी वर्थडे भन्न,
छुटेकै हो,
आमालाई औषधि पठाउन
नपाएकै हो,
श्रीमतीलाई सौन्दर्यको तारिफ सुनाउन
किनकी ठीक त्यही बेला परेको थियो
तराईमा पानीको तलाउ र डुबान
पहाडमा पहिरो हिमालमा हिमपातको त्रास
भड्किएको थियो शहरमा हिंसा
म त्यहीं थिएँ
प्रकृति र नियतिले दिएको गम्भीर घाउमा
उद्धार र प्रेमको मल्हम बोकेर
सिपाहीको कर्तव्य निभाउँदै,

म फरक बाटो हिंडेकै हो,
तिमीले पाखुरामा ट्याटु खोप्दै गर्दा
बर्दीको बाहुलामा बिल्ला भिरेकै हो
छातीमा पदक भुन्डाएकै हो
तिमी आदि म अस्तित्व बिर्सिएर
हरियो डलरमा अल्झियौ
मलाई कसैको गुलाम बन्नु भन्दा
यही माटोलाई सलाम भन्नमा गौरव लाग्यो

अभावको चकटी ओछ्याएर बसेको समयमा
निधारमा पहिरिएर पसिनाको पदक
नभए पनि श्रीमतीलाई गहनाको ग्यारेन्टी
एक दिन ढिलै पुगे पनि आमाको औषधि
लडिरहनेछु स्वाभिमानको लडाइँ
बुँदबुँदमा देश बोकेर बगेको रगत
जमाउन सक्ने छैन हिमाली चिसोले
उडाउन सक्ने छैन चैतको हुरीले
किनकी म सिपाही हुँ !

बन्दुक र बारुदसँग प्रेमको अभ्यास गर्दागर्दै
अँध्यारो समयको साक्षी बसेर
उज्यालो बिहान दिन तयार छु
मधेसको माटो, पहाडको पत्थर र
हिमालको हिउँको सामिप्यले
थपिरहेको छ मेरो उमेरको ग्राफमा
आयुको थप अंक
किनकी मेरो परिचय एक सिपाही हो !

साँझको घाम लुक्न नपाउँदै
बिहान शीत सुक्न नपाउँदै
तराईको तुवाँलोसँगै
अवैध बाटो भएर छिर्न खोज्छन्
तस्कर, अपराधी र विद्रोही
आधा सपना सुषुप्त छोडेर
सिमानामा तैनाथ हुनु छ
ता कि सानानानीहरू बिहानसम्म
निर्वाध निदाउन सकुन्

मेरो चाहना छ
उखुबारीमा घाँस काटेर बहिनीहरु
समयमै सुरक्षित स्कुल जान सकुन्
सधैंका लागि बन्द होस् बन्दुकको आवाज
आन्दोलनको आँधी र अस्थिरता
भोग्न नपरोस् कुनै कठिन समय !

असरल्ल अभावको आड लागेर
चिसो वर्तमानमा पनि
म देखिरहेको छु
देशको सुनौलो भविष्य ॥

## सन्तान हौं वीरका



सशस्त्र प्रहरी वरिष्ठ हवल्दार
सन्तोषकुमार रेग्मी

सन्तान हौं वीरका
सधैं उच्च शिरका
कहिले पछि नहट्ने
शक्ति हौं यो देशका ॥

कहिले हिमाल कहिले पहाड
कहिले फेरी तराई
जहाँ गए पनि यहाँ
छैन कोही पराई ॥

बाढी होस् या पहिरो
सधैं अघि बढ्छौं
दिन रात एकै नास
खट्छौं डट्छौं लड्छौं ॥

आधा रातमा उठेर
बुट जुत्ता कसेर
शान्ति सुरक्षा प्रतिबद्धताको
मुलमन्त्र जपेर ॥
हिमालको शीरदेखि
तराईका फाँटसम्म
गर्छौं रक्षा सीमाको
ज्यानको बाजी थापेर ॥

घर, परिवार, इच्छा रहर
सबै थाँती राखेर
गर्छौं रक्षा राष्ट्रको
मन वचन र कर्मले
राष्ट्रियताको धर्मले ॥

## म एक सिपाही



सशस्त्र प्रहरी सहायक हवल्दार
विष्णुराम भण्डारी

राष्ट्र रक्षा निम्ति सधैं बफादार बनी
संगठन निम्ति फुलू आहा ! कति राम्रो भनी
देश निम्ति मर्न सक्छु काम गरी गरी
सशस्त्र हुँ बैरीसँग खेल्छु लडी लडी ।

अपहरण हुनै दिन्न लुटपाट पनि
देशभित्र जस्तोसुकै दैवीप्रकोप आओस्
बैरी आई लुटपाट आगै लाउन थालोस्
किन दब्नें सशस्त्र हुँ आगै निल्न सक्छु ।

हुलदंगा हुनै दिन्न खट्छु दिन रात
आपत परे भोक खपी पुग्छु एकै साथ ।
जहाँ जहाँ लूट हुन्छ हुन दिन्नु किन ?
सुरक्षामा खटिएको सशस्त्र हुँ एक
तोडफोड हुन दिन्न सार्वजनिक भेक ।

सिमानामा खटिएको बेला पर्‍यो भने
वारिपारि चियो गर्छु सीमा रक्षा गर्न
सीमानामा केही भए छाती मेरो दुख्छ
नसाभित्र बग्या मेरो रगत कहाँ सुक्छ ?

समाजको संरक्षण हाम्रो जिम्मेवारी
विपत्तिमा आपत पर्दा हुनेछु तयारी
कहाँ कहाँ के के भयो सञ्चारको माध्यम
उद्धारमा खटिने छु जीवन रहेसम्म ।

हिमाल र पहाड अनि जुका पर्ने लेक
खटिने छु शीतलहर तराईको भेग
राष्ट्रको सेवा गर्ने म एक सिपाही हो
मेहनत परिश्रम देशकै लागि हो ।

## बन्दुकले लेखेको कविता



विष्णुप्रसाद आचार्य 'अतृप्त'
तारकेश्वर- २, काठमाडौं

कविता कलमले मात्र
लेख्दैन केही कविताहरू-
मुस्कानले पनि लेख्छन्
केही कथाहरू- बन्दुकले
पनि लेख्छन्
जस्तो कि
प्रहरी सेवाका कविताहरू
सैन्यशान अनि शौर्यका
कथाहरू ।

जब काँप्छिन् पृथ्वी
र भत्कन्छन् मान्छेका जीजिविषाहरू
भग्नावशेषको कुहीमण्डल धुँवाबाट
एउटा मुस्कानसहित कोस जीव जून उदाउँछ ।

जब खुम्चिन्छ सिमाना
र मक्किन थाल्छ राष्ट्रियताको धुरीखाँबो
हरेक सीमा स्तम्भमाथि चौडा छाती भएको
एउटा बाघबुट्टे मान्छेको उचाइ थपिन्छ ।

ओठे हरिकीर्तन गाउँदै जब
अमूकले फुक्छन् समाजमा अन्धविश्वासको सहनाई
विश्वासको एउटा उज्यालो पुल्ठो लिएर
चेतनाको दियो सल्काउँदै हिड्छ- एउटा ज्योतिपुन्ज ।

हरियो बुट्यानमा बुटा जस्तै भएर
डढेलो लेखाएको जंगलमा ठुटा जस्तै भएर

जो हिमालझैं अटल र अविचलित उभिन्छ
र गरीरहन्छ
आठै प्रहर स्वाधीनता र अखण्डताको देखभाल ।

जो निशान र मौलोपूजाबाट आर्जित शक्तिले
खुकुरी अर्जाप्ने सीप कमाउँछ
र राइफलमा गोली लोड गरेर
बैरीको शिरमा 'तारोहान्ने' अभ्यासमा रमाउँछ ।

त्यागी र कर्मवीर योद्धा हो-प्रहरी
जो 'आमा' शब्दमा मातृभूमिको अर्थ भेट्टाउँछ
र सन्तानको नियास्रो
निन्याउरा जनताको मुहार हेरेर मेटाउँछ ।

जो गलेनी फाटेझैं फाटेको मन
र पत्रपत्र उचेरा गएको मुटुलाई
धैर्यताको धागोले खुब जतन गरेर सिलाउँछ
अनि हरेक चाडपर्वमा
शरीर ब्यारेकमा राख्छ अनि
बर्दी र बाडुल्कीलाई याद बनाएर घर पठाउँछ

'सत्य सेवा सुरक्षणम' को आदर्श मन्त्रोच्चारण गर्ने
मनभरि हरि भएको त्यही प्राणी हो प्रहरी
जो कोमलमा फूल जत्तिकै कोमल छ
र, त मुस्कानले सेवाभावको कोमल कविता लेख्छ
कठोरमा पहरा जत्तिकै कठोर छ
र, त बन्दुकले वीरताको आगो ओकल्ने कथा लेख्छ ।

## समर्पण एपीएफ मासिकको लागि

लेख रचना, युनिटले गरेका कामकारवाही, पत्राउ, बरामद, उद्धार तथा अन्य सामाग्री पठाउन स.प्र. बल, नेपाल प्र.का. सूचना शाखा

**इमेल** : infosec.secretariat@gmail.com, **फोन** : ०१-५२४९००६

# खेलकुद

## ललितपुर मेयर्स कप

ललितपुर महानगरपालिकाको संयोजकत्वमा नेपाल क्रिकेट संघले आयोजना गरेको ललितपुर मेयर्स कप महिला क्रिकेट प्रतियोगिताको उपाधी नेपाल एपीएफ क्लवले जितेको छ । जेठ ५ गते काठमाडौंको कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा सम्पन्न भएको फाइनल खेलमा नेपाल एपीएफ क्लवले सुदूरपश्चिम प्रदेशलाई पराजित गरी विजयी भएको हो । प्रतियोगिता यही बैशाख २९ गतेदेखि जेठ ५ गतेसम्म सञ्चालन भएको थियो ।




## मायादेवी ट्रेल रन




बुद्ध जयन्तीको अवसरमा यही जेठ १० गते लुम्बिनीमा सम्पन्न भएको ३९ किलोमिटर मायादेवी ट्रेल रन प्रतियोगीतामा नेपाल एपीएफ क्लबबाट सहभागी धावक किरणसिंह बोगटी राजवार प्रथम भएका छन् ।

## राष्ट्रिय खुल्ला हाफ म्याराथन

मदन भण्डारी स्पोर्ट एकेडेमीले आयोजना गरेको राष्ट्रिय खुल्ला हाफ म्याराथन दौड (रोड रेस)मा नेपाल एपीएफ क्लवकी एथलेटिक्स खेलाडी पुष्पा भण्डारीले प्रथम स्थान हासिल गरेकी छिन् । रुपन्देही जिल्लाको बुटवल उपमहानगरपालिका-१० स्थित चौराहा राजमार्गमा जेठ ३ गते प्रतियोगिता भएको थियो ।




## पोखरा बक्सिङ च्याम्पियनशिप

पोखरा महानगरपालिका र कास्की जिल्ला बक्सिङ संघको आयोजनामा यही जेठ १७ र १८ गते सम्पन्न भएको पोखरा बक्सिङ च्याम्पियनशिपमा नेपाल एपीएफ क्लवका विनिता थापा मगर ७० के.जी. समुहमा र सन्जुमाया थिङ ५२ के.जी. समुहमा स्वर्ण पदक जित्न सफल भएका छन् ।



■ **प्रकाशक: सशस्त्र प्रहरी बल, नेपाल** ■ **प्रकाशन समिति:** सप्रउ मेखराज जोशी (संयोजक), सदस्यहरु: प्रा.सप्रनाउ ई.सौरभ राज वन्त, सप्रनाउ शैलेन्द्र थापा, सप्रनि दिल कुमार श्रेष्ठ, सप्रनि दिपेन्द्र खरेल
कम्प्यूटर लेआउट: सप्रहव मनोज कुँवर, फोटोग्राफी: सप्रहव भिमबहादुर श्रेष्ठ, कम्प्यूटर अपरेटर: सप्रह बिमल के.सी., सप्रज हरि थापा **सम्पर्क नं. ०१-५२४९००६, ईमेल** : infosec.secretariat@gmail.com